मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति'को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक २१५ | २०८१ साल असार १० गते सोमबार | Monday 24, June 2024 | सूर्योदयः बिहान ५:१३ बजे | सूर्यास्तः साँझ ७:०३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## 'मोबाइल नचलाउनुहोस् माननीयज्यू !'



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले प्रदेश सभा बैठकमा उपस्थित भएका सदस्यहरु मोबाइलमा व्यस्त भएपछि रुलिङ गर्नु परेको छ ।

बैठकमा मोबाइल नचलाउन र गेम नखेल्न सभामुख रामचन्द्र मण्डलले रुलिङ गरेपछि मधेश प्रदेश सभाका सदस्यहरुको हर्कत बाहिर आएको छ ।

मधेश प्रदेशसभामा मोबाइल निषेध छ । तर प्रदेश सांसद मोबाइल चलाइरहेका हुन्छन् । निषेध गरिएको मोबाइल कसरी भित्र पुग्छ र माननीयहरु त्यसमै रत्तिन्छन् ? प्रश्न उब्जिएको छ । आइतबार सभामुख मण्डलले मोबाइल नचलाउन, गेम नखेल्न रुलिङ गर्नु परेको हो । आइतबार दिउँसो प्रदेशसभामा स्थानीय सेवा गठन, सञ्चालन र सेवा शर्तसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल भइरहेका बेला सभामुख मण्डलले रुलिङ गरेका हुन् ।

'माननीय सदस्यहरु कि त मोबाइल स्वीच अफ गर्नुपर्‍यो, कि त साइलेन्ट गर्नुपर्‍यो र, मोबाइल चलाएर गेम खेल्नेलगायतको अन्य काम बन्द गर्नुपर्‍यो,' सभामुख मण्डलले भने । उनले यो रुलिङ् गर्नुपर्ने विषय नभए पनि रुलिङ गर्नुपर्ने अवस्था आएको बताए । 'यो रुलिङ नगर्नु पर्ने विषय हो । तर मैले चाहिँ रुलिङ गर्नु परेको छ । त्यस कारण यसलाई सिरियस्ली बुझिदिनुहोला,' सभामुख मण्डलले भने ।

# मुख्यसचिवलाई पौने ३९ करोड भ्रष्टाचारको मुद्दा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल सरकारका मुख्यसचिव डा. वैकुण्ठ अर्याल निलम्बनमा परेका छन् । अन्तःशुल्क स्टिकर छपाइ खरिद प्रकरणमा भ्रष्टाचार गरेको अभियोगमा मुख्यसचिव अर्याल जोडिएका हुन् । उनलाई आइतबार मुद्दा दायर भएपछि निलम्बन भएको हो । डा. अर्यालसँगै अरु ११ कर्मचारी र एउटा कम्पनी तथा त्यसका निर्देशकविरुद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले डा. अर्यालसहित सबैलाई जनही ३८ करोड ६७ लाख १७ हजार छ सय ४० रुपैयाँ बिगो माग दाबी गर्दै मुद्दा दायर गरेको विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले जानकारी दिए । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रहेका बेला सुरक्षण मुद्रण विकास समितिका तत्कालीन अध्यक्ष (हालका मुख्यसचिव) डा. अर्यालसहित, आन्तरिक राजश्व विभागका तत्कालीन महानिर्देशक एवम् हाल अर्थसचिव रितेशकुमार शाक्य, सोही विभागका तत्कालीन उपमहानिर्देशक एवम् हाल भन्सार विभागका उपमहानिर्देशक टङ्कप्रसाद पाण्डे, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेललाई मुद्दा दायर भएको हो । पौडेलविरुद्ध यसअघि पनि अख्तियारले सुरक्षण मुद्रण प्रकरणमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ ।

अख्तियारले आन्तरिक राजस्व विभाग, सामान्य प्रशासन शाखा एवम् खरिद इकाईका तत्कालीन निर्देशक गणेश विक्रम शाही र तत्कालीन शाखा अधिकृत रविन्द्रप्रसाद पौडेल, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत हरिवल्लभ घिमिरे, लेखा अधिकृत विष्णुप्रसाद गौतम र सोही केन्द्रका तत्कालीन खरिदविज्ञ शक्तिप्रसाद श्रेष्ठविरुद्ध पनि मुद्दा दायर गरेको छ । यसैगरी अन्तःशुल्क स्टिकर छपाइको ठेक्का पाएको कम्पनी प्रिन्टसेल र निर्देशक केशव शर्मालाई पनि प्रतिवादी बनाइएको छ ।

## लीलादेवी निमित्त मुख्यसचिव



मुख्य सचिव डा.वैकुण्ठ अर्यालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि निलम्बनमा पर्दा प्रधानमन्त्री कार्यालयकी वरिष्ठ सचिव लीलादेवी गडतौला निमित्त मुख्य सचिव बन्ने भएकी छिन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रहेका सचिव कृष्णहरि पुष्कर र नारायण दवाडीभन्दा गड्तौला वरिष्ठ सचिव भएको नाताले उनलाई निमित्त मुख्य सचिवको जिम्मेवारी दिइन लागिएको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सचिव रहँदा सुरक्षण मुद्रण केन्द्रको अन्तःशुल्कको स्टिकर खरिदमा राज्यकोषमा अरबौँ रुपैयाँ क्षति पुग्ने गरी विभिन्न निर्णय गरेको भन्दै शुक्रबार अख्तियारले डा. अर्यालसहितका कर्मचारीविरुद्ध मुद्दा दायर गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १७ अनुसार मुख्यसचिव अर्याल स्वतः निलम्बित भएका छन् । कायममुकायम मुख्य सचिव नियुक्तिका लागि हालका सचिव मध्येबाट वरिष्ठ सचिवलाई मन्त्रिपरिषद् बैठकले नियुक्त गर्नसक्ने व्यवस्था छ । गड्तौला प्रधानमन्त्री तथा मन्त्रिषरिषद् कार्यालयमै कानुन सचिवका रूपमा कार्यरत हुन् । २०५२ सालमा शाखा अधिकृतका रूपमा निजामती सेवामा प्रवेश गरेकी उनी २०६३ कात्तिक ३ गते उपसचिव र २०७० माघ ९ गते सहसचिव बनेकी थिइन् । २०७७ कात्तिक २७ गतेदेखि उनी सचिवका रूपमा कार्यरत छिन् । कानुन समूहका प्रायः अधिकृत न्यायाधीशले बन्ने अवसर पाउँछन् । गड्तौलाले भने न्यायाधीशमा रूचि नदेखाएको उनका समकालीनहरू बताउँछन् । गड्तौला कानुन तर्जुमा र लैंगिक न्यायका विषयमा विशेष दख्खल राख्छिन् ।

## बजेट रकमान्तरको छानबिन प्रतिवेदन बुझाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारको आर्थिक वर्ष २०७९–८० को बजेटमा भएको रकमान्तरका विषयमा छानबिन गर्न गठित विशेष संसदीय छानबिन समितिले प्रतिवेदन बुझाएको छ । लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका उपनेता उपेन्द्र महतोको नेतृत्वमा गठित संसदीय छानबिन समितिले धेरै लामो समयपछि सभामुख रामचन्द्र मण्डललाई आइतबार प्रतिवेदन बुझाएको हो ।

मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको मधेश सरकारको अर्थमन्त्रालयमा ठूलो मात्रामा भएको अनियमित रकमान्तर विषयमा त्यतिखेर नेकपा एमालेको मागअनुसार २०८० असार २६ गते प्रदेशसभाले छानबिन समिति गठन गरेको थियो । समितिमा मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने १० दलका एक–एक सांसद सदस्य थिए । समितिलाई दुई महिनाभित्र छानबिनको प्रतिवेदन बुझाउने म्यान्डेट थियो ।

समितिले छानबिन पनि गरेको थियो । प्रदेश सरकारका तत्कालीन अर्थमन्त्री सञ्जय यादवलाई समितिमा बोलाएर बयान पनि लिएको थियो । उनले २ अर्ब ३४ करोड रुपैयाँ भन्दा बढी बजेट कमिसन लिएर रकमान्तर गरेको भनेर आवाज उठेको थियो । समितिले प्रतिवेदन तयार पारेर बुझाउन खोज्दा मुख्यमन्त्री यादवले भाका सार्ने गरेका थिए । ७ वर्ष मधेश सरकारको नेतृत्व गरेको जनता समाजवादी पार्टी नेपाल अर्थमन्त्री यादवको यो हर्कतका कारण मधेशमा सबैभन्दा बढी आलोचित भएको थियो ।

## एसइइ नतिजा यही साता




**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी, भक्तपुरले माध्यमिक शिक्षा परीक्षा (एसइइ) को नतिजा यही साताभित्र प्रकाशन गर्ने भएको छ । बोर्ड अन्तर्गत परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले यो साताभित्र नतिजा प्रकाशन गरिने बताए ।

केही समस्या नभए १४ गतेभित्र नतिजा प्रकाशन हुने उनले बताए । परीक्षा नियन्त्रक पौडेलले उत्तर पुस्तिका परीक्षणबाट तयार भएको परीक्षाको प्राप्ताङ्कलाई कम्प्युटरमा प्रविष्टि गरेर रुजु गर्ने र प्रोसेसिङको काम बाँकी रहेको बताउँदै २ दिन जति प्रोसेसिङका लागि लाग्ने बताए । २०८० चैतमा सञ्चालन भएको परीक्षामा सहभागी हुन ५ लाख ४ हजार विद्यार्थीले फाराम भरे पनि ४ लाख ७० हजारले परीक्षा दिएर नतिजा कुरिरहेका छन् ।

# इन्स्पेक्टरको संरक्षणमा असईको असुली आतंक

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय लहावरथकरीका इन्स्पेक्टर जितेन्द्र साहको संरक्षणमा असई सुजय सिंहले अवैध रकम असुलीको आतंक मच्चाएपछि स्थानीय समस्यामा परेका छन् । अर्कातिर तस्करीको सामान ओसारपसार गर्नेहरुलाई भने लामो समयपछि उन्मुक्ति र मौका मिलेको छ ।

असई सिंहले सीमा क्षेत्रमा हुने तस्करी रोक्नुपर्नेमा खुलेयाम रकम असुलेर तस्करीलाई बढावा र संरक्षण दिइरहेको प्रमाण मधेशदृष्टिले फेला पारेको छ । असई सिंहले व्यापारीसँग अवैध रकम असुलेको भिडियो नै सार्वजनिक हुँदा पनि उनी कारबाहीको दायरामा भने परेका छैनन् ।

सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) प्रेमबहादुर कठायत बिदामा रहेको मौका छोपेर सशस्त्र प्रहरी निरीक्षक साहको संरक्षणमा असई सिंहले तस्करसँग पैसा असुलेका हुन् । डिएसपी बिदामा रहेका बेला सशस्त्र प्रहरी बल १३ नम्बर गुल्मबाट काजमा खटिएका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) का विश्वासिलो पात्र मानिने साहको संरक्षणमा असुली आतंक मच्चिएको हो ।

असई सिंहले अवैध असुली आतंकसँगै अनावश्यक धाकधक्कु लगाएर तर्साउने र कुटपिट गर्ने गरेको स्थानीयको गुनासो छ । स्थानीय भन्छन्, 'असई सिंहले 'पैसा नदिई कुनै सामान नेपाल भित्र्याउन पाइँदैन, महिनावारी बुझाउनुस्, म मात्रै होइन हाकिमको भाग पनि दिनुपर्छ, तबमात्रै तस्करीको सामान भित्र्याउन पाइन्छ' भनेर उनले कतै उजुरी गरे पनि केही कारबाही नहुने बताउने गरेका छन् ।' उनले इन्स्पेक्टर साहलाई नै माथिबाट तस्करीको लाइन खुलाउन पठाइएको र ढुक्क भएर पैसा बुझाउन भन्ने गरेका छन् भने 'एसपी साब'को विश्वासिलो पात्र इन्स्पेक्टर साब र उनको विश्वासिलो पात्र आफू भएको बताउने गरेका छन् । असई सिंहले तस्करी गर्ने व्यापारीसँग १ हजार रुपैयाँ पनि छाड्दैनन् भने १० हजार रुपैयाँसम्म उठाउने गरेका छन् ।

नेपाल भारत सीमा क्षेत्रस्थित सिक्टा, भिस्वा, कठिया मठिया, सबैठवालगायतका नाकाबाट सिंहको इशारामा तस्करी भइरहेको छ । सशस्त्र प्रहरी नायब उपरीक्षक कठायत कार्यरत रहँदा पूर्णरुपमा बन्द भएको तस्करी उनको अनुपस्थितिमा काजमा गएका इन्स्पेक्टर साह र असई सिंहले खुला गरेर तस्करीमा रमाउनेहरुलाई 'तगारो' हटाइदिएका हुन् । चौकीका मुख्य मान्छेहरुले नै नाकाबाट दिनदहाडै तस्करीका सामान रकम लिएर छाडिदिएपछि तस्करहरु निकै हौसिएर सामान नेपाल भित्र्याइरहेका छन् ।

सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेश ठाडा मगरका विश्वासिलो पात्र मानिने र खुफिया सूचना दिने अब्बल व्यक्ति हुन् असई सिंह । डिआइजी ठाडा मगर तत्कालीन छिनमस्ता बाहिनी मधेश प्रदेश कार्यालय बर्दिबासमा रहँदा असई सिंह सर्लाहीमा लामो समय घुमुवा बसेका थिए ।

घुमुवा हुँदा तस्कर, व्यापारी, क्रसर व्यवसायीलगायत अवैध गतिविधि गर्नेसँग सेटिङ गर्ने उनको जिम्मा थियो । डिआइजीको नाममा रकम असुली आतंक मच्चाएपछि असई सिंह घुमुवाबाट तानिएका थिए ।



त्यसपश्चात असई सिंह पर्साको पोखरिया आउँदा तत्कालीन डिएसपी भीम चौधरीसँग मर्यादा नाघेर 'तँतँः मःम' गरेर झगडामा उत्रिएपछि चौधरीले उनलाई फिर्ता पठाएका थिए । यति मात्रै होइन, उनको राजनीतिक दलका नेतासँग पनि राम्रै हिमचिम रहेको पाइएको छ । असई सिंह आफ्नै जिल्लाबासी नेता डा. अमरेश सिंहसँग पनि निकट रहेकाले उनका नाममा पनि धाक लगाउने गर्छन् । असई सिंह जहाँ गए पनि विवादमा तानिएको उनको रेकर्डले देखाउँछ । शक्ति र पहुँचका आधारमा उनी लामो समयदेखि पर्सामा कार्यरत छन् ।

पर्सामा कार्यरत रहे पनि असई सिंहले डिआइजी ठाडामगरलाई सूचना दिने गरेको बताइएको छ ।

हाल बागमती प्रदेश गढीमाई बाहिनीमा कार्यरत डिआइजी ठाडामगरलाई असई सिंहले वीरगंजबाट जाने ट्रान्सपोर्टका सामानको सूचना दिने गरेको बताइएको छ । सिंहकै सूचनामा हेटौँडाको रातोमाटेस्थित अवैध रुपमा सञ्चालन गरिएको सशस्त्र प्रहरीको चेकप्वाइन्टले व्यापारीलाई अनावश्यक दुःख दिने, सेटिङ मिलाउने जस्ता काम गरिरहेको पनि स्रोतको दाबी छ । आफ्नो कमाण्डर प्रहरी उपरीक्षक (एसपी) लाई जानकारी नदिई असई सिंहले डिआइजी मगरको सुराकीका रुपमा काम गरिरहेका छन् ।

स्थानीय सर्वसाधारणलाई सीमा क्षेत्रमा ओहोरदोहोर गर्दा लठ्ठीले हिर्काउने, व्यापार नगर्नेसँग पनि पैसा माग्ने गरेर असई सिंहले आतंकित पारेपछि स्थानीयले उनलाई कारबाही माग गरेका छन् ।

# हेटौँडा सिमेन्ट उद्योगबाट पुनःउत्पादन शुरु

**मकवानपुर ।**
करिब तीन महिनाअघिदेखि बन्द रहेको हेटौँडा सिमेन्ट उद्योगले आइतबारदेखि पुनःउत्पादन शुरु गरेको छ । उद्योगको आगो बाल्ने भट्टीका साथै केही उपकरण मर्मतसम्भार गर्नुपर्ने भएकाले दुई हप्ताका लागि उत्पादन बन्द गरिएको थियो । उक्त उद्योगबाट अवकाश पाएका कर्मचारीले आफूले पाउने उपदान र औषधि उपचार खर्चको एकमुष्ठ रकम भुक्तानी नगरेको भन्दै कर्मचारीले लामो समयसम्म हड्ताल जारी राखेकाले सिमेन्टको उत्पादन सञ्चालन गर्न नसकिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले जानकारी दिए । अहिले निवृत्त भएका कर्मचारीले हड्ताल स्थगित गरेपछि आइतबारदेखि नियमित उत्पादन र प्याकिङ गर्ने काम सञ्चालन भएको उनको भनाइ छ ।

उद्योगमा अहिले पटकपटक गरी करिब चार हजार पाँच सय मेट्रि«कटन कोइला बोलपत्रद्वारा आह्वान गरी आपूर्ति गरिरहेकाले अब नियमित उत्पादन भइरहने सिमेन्ट उद्योगका महाप्रबन्धक वसन्तकुमार पाण्डेले राससलाई जानकारी दिए । उनका अनुसार केही महिनाअघि आर्थिक सङ्कटले कोइला खरिद गर्न कठिनाइ हुँदा पटकपटक उत्पादनमा रोक लगाउनुपरेको थियो । स्थापनाकालदेखि केही वर्षअघिसम्म उक्त उद्योगमा कार्यरत विभिन्न तहका २९ जना कर्मचारीले अवकाश पाएपछि निजहरुले नियमअनुसार पाउनुपर्ने उपदान, औषधि उपचार खर्चसमेत गरी करिब १७ करोड पाँच लाख रुपैयाँ रकम दिनुपर्नेमा आर्थिक सङ्कटले भुक्तानी दिनुपर्ने रकम नभएकाले समस्या आएको उद्योगका लेखा प्रमुख हरेराम कोइरालाले बताए ।

उद्योगका महाप्रबन्धक पाण्डेले राससँग आइतबार सङ्क्षिप्त कुराकानी गर्दै उद्योगलाई अब नयाँ प्रक्रियाबाट सञ्चालनमा ल्याई सिमेन्ट उत्पादन नियमित गर्ने योजना बनाइएको बताए । 'अवकाश लिएका कर्मचारीलाई दिनुपर्ने रकम हाल उद्योगमा मौज्दात नरहेकाले नवनियुक्त अध्यक्षलगायत पदाधिकार र प्रतिनिधिसभाका सदस्यद्वय दिपकबहादुर सिंह र महेशकुमार बर्तौलासहितको प्रतिनिधिमण्डलले प्रधानमन्त्री, अर्थमन्त्री र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीलाई भेटी उद्योगमा आइपरेको आर्थिक सङ्कटबारे जानकारी गराएका छौं' उनले भने, 'सरोकार भएका निकायको पहलमा समस्या समाधान गर्नेछौँ ।' उद्योग मन्त्रालयले सरकारकोतर्पm बाट सिमेन्ट उद्योगलाई उपलब्ध गराइदिने रकमका लागि आवश्यकीय कागजपत्र अर्थमन्त्रालयमा पठाइसकेको जनाउँदै महाप्रबन्धक पाण्डेले केही हप्ताभित्रै अनुदान रकम प्राप्त हुने भएकाले अवकाश प्राप्त कर्मचारीलाई दिइने बताए ।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौँडाको लामसुरेमा हेटौँडा सिमेन्ट उद्योगको स्थापना गरेको थियो । तत्कालीन समयमा उद्योग निर्माणका लागि रु एक अर्ब ५० करोड रकम सरकारले उपलब्ध गराएको थियो । विसं २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिकरुपमा सिमेन्टको उत्पादन गरी काठमाडौँलगायत विभिन्न सहरमा आपूर्ति गर्दै आएको उद्योग प्रशासनले जनाएको छ । उद्योगको साविक सिमेन्ट उत्पादन गर्ने क्षमता दैनिक १८ हजार बोरा भए पनि अहिले १० हजार बोरा मात्र उत्पादन भइरहेको छ । उद्योगमा अहिले प्रशासन, लेखा, प्रविधिक, चुनढुङ्गाखानी एवं कामदार मजदुर गरी करिब दुई सयले प्रत्यक्ष रोजगार पाइरहेका छन् । उद्योगमा अहिले पटकपटक गरी एक लाख ५० हजार बोरा सिमेन्ट मौज्दात रहेको उद्योगको व्यवस्थापनले जनाएको छ । रासस

# लोकतन्त्रका लाभ सबै समुदायको जीवनसँग जोडिनुपर्छः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आधुनिक समाजको विकाससँगै लोकतन्त्रका लाभहरू सबै जाति र समुदायको जीवन पद्धतिसँग जोडिनुपर्ने बताएका छन् । जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको बैठकलाई आइतबार यहाँ सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले आदिवासी जनजातिको परम्परालाई जीवन्त राख्दै उनीहरूको अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिए । 'आदिवासी जनजाति पहिचानको महत्वपूर्ण आधार र परम्परागत रीतिरिवाज हो, पुख्र्यौली जमिनलाई आस्थाको प्रतीक मान्दै आदिवासी जनजातिले प्राकृतिक स्रोतसाधनको उपयोग मात्रै नभई आफ्नो मौलिक, परम्परागत ज्ञान र सीपका आधारमा प्रकृतिको संरक्षण, संवद्र्धन गरिरहेका छन्' उनले भने, 'आदिवासी जनजातिको जनजीविकामा क्षति पुऱ्याउन हुन्न, उनीहरूको पुख्र्यौली जमिन र प्राकृतिक स्रोतमा हुने हानि–नोक्सानी तथा सामूहिक अधिकार हनन् हुनबाट जोगाउनुपर्छ ।'



संविधानले आदिवासी जनजातिलाई समानता र सामाजिक न्यायको हकसहितको विभिन्न अधिकार प्रदान गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले संविधानतः सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिअन्तर्गत आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको स्मरण गरे । 'संविधानले अवसर तथा लाभमा आदिवासी जनजातिलाई अग्राधिकार दिएको छ' प्रधानमन्त्री दाहालले भने, 'समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवारी दिँदा राजनीतिक दलले जनसंख्याका आधारमा आदिवासी जनजातिको पनि प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था छ ।' जनजाति समुदायको सांस्कृतिक सम्पदाको पहिचान, संरक्षण र प्रवद्र्धनका लागि मातृभाषाको संरक्षणसहितको आदिवासी जनजाति लक्षित खुला र जीवन्त सङ्ग्रहालय तथा नमूना सांस्कृतिक सम्पदा संरक्षण र विकास गर्न जरुरी रहेको प्रधानमन्त्री दाहालको भनाइ थियो । 'आदिवासी जनजाति समुदायको भाषा, संस्कृति, र परम्पराको संरक्षण गर्न राष्ट्रियस्तरमा आदिवासी जनजाति विश्वविद्यालय सञ्चालन गर्न आवश्यक छ' उनले भने, 'सांस्कृतिक सम्पदालाई जगेर्ना गर्न प्राथमिक तहदेखि नै मातृभाषामा पठनपाठन गर्न जरुरी छ ।' आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले जाति, भाषा, धर्म, संस्कार, संस्कृति, साहित्य र समाज विकासमा प्रोत्साहन गर्दै आएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सङ्घीयता र गणतन्त्रको स्थापनापश्चात् नेपालमा पहिलो पटक आदिवासी जनजातिको पहिचानलाई संस्थागत गरिएको बताए । रासस

# विकासको बहस काम गरेर मात्रै पूरा हुन्छः रिजाल

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता एवं पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री डा मीनेन्द्र रिजालले विकासको बहस काम गरेर मात्रै पूरा हुने बताएका छन् । राष्ट्रिय समाचार समिति (रासस) द्वारा गणतन्त्र दिवसका अवसरमा आयोजित 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' तस्बिर प्रदर्शनीको आइतबार अवलोकन गर्दै उनले ठूला ठूला विकास साना कामबाट हुने भएकाले त्यो देखाउन प्रदर्शनी सफल रहेको बताए । गणतन्त्र नेपालको स्तम्भबाट प्रदर्शनी सुरु भएको उल्लेख गर्दै नेता रिजालले पूर्वाधारमा महिलाको सहभागितालाई पनि प्रदर्शनीले समेटेर राम्रो सन्देश दिन खोजेको उनले बताए ।



पूर्वमन्त्री रिजालले यी तस्बिरलाई श्रव्यदृश्यकै माध्यमबाट देखाउनसके अझ प्रभावकारी भई गणतन्त्रका उपलब्धि जीवन्तरुपमा जनसमक्ष आउने विचार व्यक्त गरे । 'गणतन्त्र स्थापनापछि भौतिक विकासले निकै फड्को मारेको छ । सुरुङ, सडकबाटो, सिँचाइ, जलविद्युत्, सूचना तथा सञ्चार, स्वास्थ्य, शिक्षालगायत हरेक क्षेत्रमा काम भएका छन् । विकासको बहस काम गरेर पूरा हुन्छ बहस गरेर होइन भन्ने प्रष्ट पार्न पनि प्रदर्शनी सफल भएको छ । यसलाई श्रव्यदृश्यमार्फत जनसमक्ष देखाउन सके अझै राम्रो सन्देश जान्थ्यो' उनले भने । रासस

# 'नेपाल–चीनबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको छ'

**काठमाडौँ ।**
राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले पञ्चशीलको सिद्धान्तमा आधारित विदेश नीति सञ्चालन गर्दै आएका नेपाल र चीनबीचको सम्बन्ध जनस्तरमा नयाँ उचाइमा पुगेको बताएकी छन् । सिछुवान–नेपाल प्राविधिक सहकार्य प्रवर्द्धन सम्मेलनलाई आइतबार यहाँ सम्बोधन गर्दै उहाँले द्विपक्षीय सम्बन्ध पारस्पारिक सहयोगमा आधारित सम्बन्धलाई व्यापार, लगानी, ज्ञान र सीप आदानप्रदान माध्यमबाट महत्वपूर्ण आयाम प्रदान गरेको बताइन् । उपाध्यक्ष घिमिरेले भनिन्, 'चीनले नेपालका विभिन्न क्षेत्रमा महत्वपूर्ण सहयोग पु¥याउँदै आएको छ । चीनको आर्थिक–सामाजिक विकास निकै लोभलाग्दो र अनुकरणीय छ ।' सूचना र प्रविधिको चमात्कारिक विकासका दृष्टिले विश्व एक गाउँमा रुपान्तरण हुँदै गएको प्रसङ्ग उल्लेख गर्दै उनले चीनसँग नेपालको दिगो र सन्तुलित विकासका लागि स्रोत व्यवस्थापनसहित उल्लेख्य भूमिका अपेक्षा गरिएको बताइन् । नेपाल पनि छिट्टै अति–कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा उक्लिने चरणमा रहेको अवस्थामा यस यात्रालाई सार्थक बनाउन चिनियाँ सहयोग महत्वपूर्ण र आवश्यक रहेको बताउँदै उनले चिनियाँ सहयोगको दायरा अझै फराकिलो हुँदै जानेमा विश्वास व्यक्त गरिन् ।

चिनियाँ जनराजनीतिक परामर्शदातृ सम्मेलन, सिचुआन प्रान्तीय समितिका उपाध्यक्ष से साङ्ह्वाले चीन र नेपाल एकअर्कालाई सम्मान र विश्वास गर्ने असल मित्र, असल साझेदार र असल छिमेकी भएको बताइन् । उनले भनिन्, 'दुई राष्ट्र प्रमुखको रणनीतिक निर्देशनमा सिचुआन–नेपालको सम्बन्ध निरन्तर उकालो लागेको छ, आर्थिक र व्यापारिक सहयोग झन् घनिष्ट भएको छ, सांस्कृतिक आदान–प्रदान र सहयोगले सकारात्मक नतिजा हासिल गरेको छ ।' सिचुआन र नेपाल हिमाल र नदीहरूले जोडिएको ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै उपाध्यक्ष साङ्ह्वाले हामी नेपालसँग विज्ञान तथा प्रविधि, ऊर्जा र अन्य क्षेत्रमा सहयोग सुदृढ गर्न प्रतिबद्ध रहेको बताइन् । सिचुआन र नेपालबीचको वैज्ञानिक र प्राविधिक ऊर्जा सहयोगलाई प्रवर्द्धन गर्र्ने कार्यक्रममार्फत नेपालको बजार माग र लगानीको वातावरण बुझ्न सक्षम हुने उनले विश्वास व्यक्त गरिन् । उपाध्यक्ष साङ्ह्वालले भनिन्, 'विज्ञान, प्रविधिको क्षेत्रमा सिचुआन–नेपाल सहयोग प्रवर्द्धन गर्न दोस्रो 'बेल्ट एण्ड रोड' विज्ञान तथा प्रविधि आदानप्रदान तथा सहयोग सम्मेलनले दुवै मुलुकबीच विज्ञान, प्रविधि, अर्थतन्त्र, व्यापार र मानविकीका क्षेत्रमा सहयोग प्रवर्द्धन गर्न भूमिका खेल्नेछ ।'

नेपालका लागि चीनका राजदूत छेन सोङ्ले चीन र नेपाल रणनीतिक साझेदार र मित्रवत् छिमेकी भएकाले चीनले नेपालसँगको आफ्नो सम्बन्धलाई ठूलो महत्व दिएको बताए । उनले हालैका वर्षहरूमा सिचुआन प्रान्त र नेपालबीचको वैज्ञानिक र प्राविधिक आदानप्रदान र सहयोग झनै नजिक भएकाले दुवै पक्षलाई पारस्परिक लाभकारी सहयोगलाई अझ गहिरो बनाउन राम्रो आधारशिला खडा गरेको बताए । विज्ञान र प्रविधि चीन निर्माणको जग र राष्ट्रिय समृद्धिको आधार भएको बताउँदै राजदूत सोङले हालैका वर्षमा चीनले विज्ञान र प्रविधिमा आत्मनिर्भर र परिष्करणको प्रयासलाई तीव्रता दिएको बताए । चीनले अनुसन्धान तथा विकासमा गर्ने लगानी विश्वमा दोस्रो स्थानमा रहेको र अनुसन्धान र विकासमा संलग्न जनसंख्याको हिसाबमा विश्वमा पहिलो स्थानमा रहेको सो अवसरमा जानकारी दिइयो ।

नवप्रवर्तन–सञ्चालित विकास रणनीतिमा निरन्तर गतिशील हुँदै जाँदा चीन नवप्रवर्तनशील देशहरूको सूचीमा प्रवेश गरेको उल्लेख गरियो । चीनको वैज्ञानिक र प्राविधिक शक्तिको सुधारले चिनियाँ जनतालाई मात्र होइन, अन्तर्राष्ट्रिय समुदायलाई पनि फाइदा पु¥याइरहेको प्रसङग उल्लेख गर्दै राजदुत छेन सोङले हाल चीनले एक सय ६० भन्दा बढी देश र क्षेत्रहरुसँग वैज्ञानिक र प्राविधिक सहयोग सम्बन्ध स्थापित गरेको जानकारी दिए । राजदूत सोङले चीनले अन्य देशहरुसँग अझ खुला रूपमा वैज्ञानिक र प्राविधिक र नवप्रवर्तन सहयोगलाई सुदृढ गर्दै नेपाललगायतका विकासशील मुलुकसँग वैज्ञानिक र प्राविधिक विकासको लाभांश बाँड्ने काम जारी राख्ने बताए । चीन–नेपाल वैज्ञानिक र प्राविधिक सहयोगले लोकप्रिय रहेको जनाउँदै उनले विश्वव्यापी विकास पहलहरू कार्यान्वयन गर्न र मानव जातिको साझा भविष्यको साथ साझा समुदाय निर्माण गर्न दुवै पक्षको संयुक्त प्रयास रहेको बताए ।

राजदूत सोङले दुई देशका नेताबीच भएको महत्वपूर्ण सहमतिलाई कार्यान्वयन गर्न, 'बेल्ट एण्ड रोड'को उच्च गुणस्तरको संयुक्त निर्माणलाई अवसरका रूपमा लिन, सहयोगका बिन्दुहरू विस्तार गर्न र सहयोगका लागि नयाँ गतिको विकास गर्न नेपाली जनताको हितमा चीन नेपालसँग काम गर्न इच्छुक रहेको स्पष्ट पारे । चीनका लागि नेपालका पूर्वराजदूत लिलामणि पौडेलले विज्ञान र प्रविधिले कुनै पनि समाज र कुनै पनि देशको समृद्धि र विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने हुँदा नेपाल पनि त्यसबाट अपवाद हुन नसक्ने बताए । उनले भने, 'कृषि, सौर्य ऊर्जा, अटोमोबाइल, डाटा विज्ञान, उत्पादन मेसिन र उपकरणलगायत नयाँ ऊर्जा चीनले कुशल प्रविधिको विकासमा चमत्कार गरेको छ भने यता नेपाल नवीकरणीय ऊर्जा, उच्च मूल्यका कृषि बाली, औषधीय जडीबुटी, तथ्याङ्क विज्ञान लगायतका कृतिम विकास गर्ने अपार सम्भावना छ ।' त्यसअवसरमा चिनियाँ प्रतिनिधिमण्डलमा सहभागी विज्ञान तथा प्रविधि, प्रविधि अनुसन्धान, कृषि सूचना तथा ग्रामिण अर्थतन्त्र, अन्तर्राष्ट्रिय सहयोग आदान प्रदानका क्षेत्रमा कार्यरत विषय विज्ञले आआफ्ना क्षेत्रबाट नेपालमा हुन सक्ने सहयोग र लगानीको सम्भावनाबारे चर्चा गरेका थिए । रासस


## बालविवाह

सामाजिक कुरीतिमात्रै नभई
जघन्य अपराध हो ।



"२० वर्ष नपुगी विवाह गर्नु गराउनु गैरकानुनी हो ।
बालविवाह कानूनी र सामाजिक दुबै अपराध हो ।
यस्तो विवाह गर्ने तथा गराउने दुबैलाई कानून बमोजिम सजाय हुन्छ ।"

- कानूनद्वारा तोकिएको उमेर भन्दा कम उमेरमा गरिएको विवाह बालविवाह हो ।
- नेपालको कानून अनुसार विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले पनि कसैको विवाह गर्नु गराउनु हुँदैन । (मुलुकी अपराध संहिता २०७४)



**बालविवाह किन गर्नु गराउनु हुँदैन ?**
- बालअधिकारको हनन् हुन्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैलाई गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- किशोरी गर्भवती हुँदा आमा र बच्चा दुबैको मृत्यु हुन सक्छ,
- बालिकाहरूमा फिस्टुला, पाठेघर खस्ने लगायतका गम्भीर स्वास्थ्य समस्या हुन सक्छ,
- शिक्षा, रोजगारी लगायत विभिन्न अवसरहरुबाट वञ्चित हुन सक्छ,
- पारिवारिक, आर्थिक, सामाजिक परनिर्भरता बढ्ने हुन्छ,
- परिवार तथा समाजमा असमान शक्ति सम्बन्ध हुन सक्छ,
- घरेलु हिंसा र दुर्व्यवहारको जोखिम बढ्न सक्छ,
- मनोसामाजिक समस्याको उच्च जोखिम हुन सक्छ ।

**बालविवाह विरुद्धको उजुरी गर्ने प्रक्रिया र निकाय के र कँहा हो ?**
- आफुसँग भएसम्मको प्रमाण पुग्ने कागजात वा सूचना सहित नजिकको प्रहरी कार्यालयमा गई कानूनले तोके अनुसार उजुरी दरखास्त दिने,
- आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई बालविवाहको विरुद्धमा उजुरी वा जानकारी लिखित रुपमा वा मौखिक सूचना वा इमेल वा एसएमएस मार्फत नजिकको प्रहरी कार्यालयमा दिने,

**बालविवाह विरुद्धको उजुरी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा के गर्ने ?**
- बालविवाह विरुद्धको उजुरी/जाहेरी दरखास्त दर्ता गर्न इन्कार गरेमा उक्त प्रहरी कार्यालयको माथिल्लो प्रहरी कार्यालय वा जिल्ला सरकारी वकिल कार्यालयमा उजुर गर्न सक्नेछ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५)
- प्रहरी कार्यालय, जिल्ला सरकारी वकिलको कार्यालय वा प्रहरीको माथिल्लो तहको प्रहरी कार्यालयले उजुरी लिन नमानेमा उजुरीको सबै व्यहोरा खुलाएर प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन पेस गर्न सकिन्छ । (मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४, परिच्छेद २, दफा ५(उपदफा ४)) ।

**बालविवाह विरुद्ध उजुरी गर्ने हद म्याद कहिले सम्म हुन्छ ?**
- बालविवाह सम्बन्धी कसूरको उजुरी कसूर भए गरेको थाहा पाएको मितिले तीन महिना भित्र गर्नु पर्दछ । (मुलुकी अपराध ( संहिता) ऐन, २०७४, परिच्छेद-७, दफा १७६)
- बालविवाह हुन लागेको देखेमा वा थाहा पाएमा तुरुन्त प्रहरी कार्यालयमा उजुरी गर्नु पर्दछ ।
- बालविवाहसँग सम्बन्धित सामाजिक कार्य जस्तैः जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र अरुलाई पनि सहभागी नहुन प्रोत्साहन गर्ने ।
- घरपरिवार, समुदाय, समाजमा सहमति विपरित वा उमेर नपुगी विवाहको बारेमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्थानीय तहलाई यस किसिमका अपराध रोकथामका लागि जिम्मेवार र जवाफदेही बनाउन पैरवीमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालविवाह तथा सहमति विपरितको विवाह रोकथामका लागि नेपाल प्रहरी लगायत सम्बन्धित निकायहरुमा खवर गर्ने ।

**बालविवाह गरे वा गराएमा के असर हुन्छ ?**
- विवाह गर्ने उमेर नपुगी विवाह गर्दा बालबालिकामा विभिन्न किसिमका शारीरिक तथा मानसिक असर पर्छ ।

"बालविवाहको विरुद्धमा बोल्नु र त्यसको प्रतिकार गर्नु भनेको बालअधिकारको सुनिश्चित गर्नु हो ।
बालविवाहको विरुद्धमा डटेर आवाज उठाउनु हामी सबैको कर्तव्य हो ।"

जनहितमा जारी सन्देश
**खेलकुद तथा समाज कल्याण मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम

# एक हजार किलो सुपारी बरामद



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटस्थित प्रहरीले एक यात्रुवाहक बसबाट एक हजार किलोग्राम सुपारी बरामद गरेको छ । विशेष सूचनाका आधारमा शनिबार राति साढे १२ बजे पूर्व पश्चिम राजमार्गको चन्द्रपुर नगरपालिका वडा नम्बर १ पौराईस्थित प्रहरीको गस्ती टोलीले झापाबाट नेपालगंजतर्फ जाँदै गरेको प्रदेश १–०१–००१ ख ४२९३ नम्बरको बस चेकजाँचका क्रममा डिकीमा राखिएको ३३ बोरा सुपारी बरामद गरेको हो । बेवारिस अवस्थामा बरामद गरिएको ८ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको एक हजार किलोग्राम बेवारिस सुपारी बरामद गरेको हो । बरामद गरेको सुपारी आइतबार आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटकी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् ।

# बलात्कार आरोपमा जैसवाल पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
बलात्कारको अभियोगमा भारत बिहार मोतीहारीका एक जना युवकलाई पक्राउ गरेको छ । एक जना १९ वर्षीय किशोरीलाई बलात्कार गरेको अभियोगमा भारत बिहार मोतीहारीका एक जना युवक काठमाडौंमा पक्राउ परेका हुन् । बलात्कारको आरोपमा काठमाडौं महानगरपालिका वडा नम्बर ३१ शंखमुल बस्ने भारत बिहार राज्य मोतिहारी घर भएका ३० वर्षीय धर्मेन्द्र जैसवाललाई शनिबार राति प्रहरीले पक्राउ गरेको हो । जैसवालले ती किशोरीलाई काठमाडौं महानगरपालिका वडा नम्बर १० नयाँ बानेश्वरस्थित सस्तो बजारमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त नयाँ बानेश्वरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# पत्रकार महासंघको शाखामा तालाबन्दी

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल पत्रकार महासंघ रौतहट शाखाको कार्यालयमा अनिश्चितकालीन तालाबन्दी भएको छ ।
शुद्धिकरणको नाममा नेपाल पत्रकार महासंघले सदस्यहरुको निजीकरण गरिएको भन्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाको कार्यालयमा तालाबन्दी गरिएको हो । शाखाका पूर्वअध्यक्ष रविन्द्र साहको अगुवाईमा रौतहटका क्रियाशील पत्रकारहरुले असार २२ गतेको हुन लागेको निर्वाचन हुन नदिन गरी तालाबन्दी गरेको छ ।
रौतहटमा डेढ सयभन्दा बढी पत्रकारहरु सक्रिय रहेको अवस्थामा जम्मा ३५ जना सदस्य कायम रहनेगरी नवीकरण र शुद्धिकरण गरिएको हो ।
पहिलेदेखि ५६ जना सदस्य रहेको र ५१ जनाले नयाँ सदस्यताको लागि निवेदन दिएको अवस्थामा नेपाल पत्रकार महासंघमा नेतृत्व हत्याउन चाहनेले सबै नियम र प्रक्रिया मिची शुद्धिकरणको नाममा निजीकरण गरिएको भन्दै रौतहटका पत्रकारहरु आक्रोशित बनेका हुन् ।
तालाबन्दी गर्दै पूर्वअध्यक्ष साहले तोकिएको मितिमा रौतहटमा निर्वाचन हुन नसक्ने बताएका छन् । जबसम्म सदस्यता शुद्धिकरणमा गरिएको विभेद र नयाँ सदस्यताको टुङ्गो लाग्दैन तबसम्म रौतहट शाखाको निर्वाचन हुन नसक्ने साहको भनाइ रहेको छ ।

# ३१ लाख बढीको सामान बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी पर्साले ३१ लाख रुपैयाँभन्दा बढीको भन्सार छलीको सामान बरामद गरेको छ । आइतबार सशस्त्र प्रहरी पर्साले वीरगंज महानगरपालिका वडा नम्बर १६ भन्सार मेनगेट आसपासको क्षेत्रबाट ३१ लाख १८ हजार रुपैयाँ बराबरको भन्सार छलीको सामान बरामद गरेको हो ।
प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलिले भारतबाट अबैध रुपमा भन्सार छली नेपालतर्फ ल्याउदै गरेको ३१ लाख १८ हजार रुपैयाँ बराबरको किराना सामान, कपडा र स्मार्टवाच तथा मोबाईलमा प्रयोग हुने विभिन्न किसिमका समानहरु बरामद गरेको हो । बरामद गरिएको सामान आवश्यक कारवाहीको लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको छ ।
त्यसैगरी, वडा प्रहरी कार्यालय विर्ताले ११ लाख बराबरको भन्सार छलीका सामग्री बरामद गरेको छ । वीरगंजका विभिन्न स्थानबाट ११ लाख मूल्य बराबरको भन्सार छलीका सामग्री बरामद गरेको हो । ३ लाख ५० हजार रुपैयाँ बराबरका विभिन्न किसिमका चक्लेट, तीन लाख मूल्य बराबरको टेम्पर ग्लास, ५० हजार रुपैयाँ बराबरको सिसाको गिलास र ४ लाख रुपैयाँ मूल्य बराबरको विभिन्न लत्ताकपडा बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद सामग्री आवश्यक कारवाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाइएको प्रहरीले छ ।

# हाउस किपिङ तालिम सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
होटल एसोसिएशन नेपालको इन्स्योर परियोजना अन्र्तगत हाउस किपिङ तालिम सम्पन्न भएको छ । शनिबार वीरगंजमा आयोजित ९६ घण्टे तालिमको समापन कार्यक्रममा बोल्दै होटल संघ नेपालका केन्द्रीय महासचिव साजन शाक्यले हाउस किपिङ तालिम अहिलेको आवश्यक्ता रहेको बताए । उनले सीप सिकेपछि स्वरोजगार बन्न सक्ने र विदेश जाँदा पनि अरुको तुलनामा राम्रो काम र पारिश्रमिक पाइने बताए ।
होटल संघ नेपाल मधेश प्रदेशका उपाध्यक्ष मोहन प्रधानले होटलहरुमा आवश्यक जनशक्तिको परिपूर्ती गर्नुका साथै युवालाई सीप सिकाएर रोजगारी प्रदान गर्ने अभिप्रायले तालिमको आयोजना गरेको बताए । यस तालिमले युवालाई रोजगार प्रदान गर्न सघाउ पुग्ने विश्वास लिएको बताए । तालिममा सहभागीहरुलाई बृज सर्राफले प्रशिक्षण दिएका थिए ।
होटल व्यवसायी एवम् समाजसेवी पशुपति विक्रम शाहको अध्यक्षतामा आयोजित कार्यक्रममा हेल्वेटास मधेश प्रदेशका संयोजक भरत सहनी, नेपाल पत्रकार महासंघ पर्साका उपाध्यक्ष युवराज खड्कालगायतले तालिमको सह्राना गर्दै सहभागीहरुलाई तालिमको सदुपयोग गर्न सुझाव दिएका थिए ।

# लागुऔषधविरुद्ध जनचेतनामूलक कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
लागुऔषधविरुद्धको जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । वीरगंजको कञ्चनजंघा स्कूलमा आइतबार लागुऔषधविरुद्धको जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो । लागुऔषधले पुर्याउने हानी, यसबाट पर्न सक्ने मानसिक र शारिरिक असरलगायतबारे जानकारी प्रदान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको मार्टिन मोक्तानले बताए । कुम्हाल टोलका सामुदायिक प्रहरीको सहजिकरणमा सञ्चालित तालिममा कक्षा ९ र १० का विद्यार्थीहरुको सहभागिता रहेको थियो ।
यस्ता प्रकारका तालिमले आफूहरुलाई जागृत गराउने सहभागी विद्यार्थीहरुले प्रतिक्रिया जनाएका थिए ।




# शिक्षातर्फ आकर्षित हुँदै मुसहर समुदायका बालबालिका



**सप्तरी ।**
पढ्ने उमेर भए पनि जिल्लाको शम्भुनाथ नगरपालिका–७ भगवतपुरस्थित मुसहर बस्तीका नौ वर्षीय प्रदीप सदा विद्यालय जान पाउँदैन थिए । घरदेखि करिब पाँच सय मिटरको दूरीमा रहेको विद्यालय नगई घरमै खेलेर समय बिताउँथे । अहिले प्रदीप बिहान हुनेबित्तिकै झोलामा कापीकिताब बोकेर विद्यालय जान थालेका छन् । आमाबुवाले स्थानीय साहुको घरखेतमा काम गर्न जाँदा उनीहरुसँगै साहुमहाजनको गाईगोरु चराउने गरेका सोही ठाउँका ११ वर्षीय राकेश सदाको पनि अहिले दिनचर्या फेरिएको छ । राकेश पनि अहिले घर नजिकै रहेको बुद्धिलाल मुनर माध्यमिक विद्यालय जान थालेका छन् ।
प्रदीप र राकेश मात्र होइनन्, पछिल्लो समय अति पिछडिएको उक्त मुसहर बस्तीका बालकालिकाको शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ । हरुवाचरुवा र मुसहर समुदायको उल्लेख्य बसोबास रहेको शम्भुनाथ–७ भगवतपुर, वडा नं २ कनकपट्टी, वडा नं ३ डङ्गराही र वडा नं ५ स्थित मोहनपुरका मुसहर बालबालिका अचेल नियमित विद्यालय जान थालेका छन् । सो नगरपालिकाका हरुवाचरुवा परिवारका बालबालिकालाई लक्षित गरी श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको शैक्षिक अभियानअन्तर्गत निःशुल्क बाल ट्युसन कक्षा सञ्चालन गरेपछि विद्यालय जाने दलित बालबालिकाको संख्या बढ्दै गएको हो । केही वर्षअघिसम्म अत्यन्त न्यून संख्यामा मात्र मुसहर बालबालिका विद्यालय जाने गरेकामा पछिल्लो समय ती समुदायबाट विद्यालय जानेको संख्या उत्साहजनकरुपमा बढ्दै गएको केन्द्रका सहजकर्ता बिजली रामले बताए ।
तीन वर्ष अघिसम्म ती वडाबाट हरुवाचरुवा र मुसहर समुदायका विद्यालय जाने बालबालिकाको संख्या १२ थियो । केन्द्रले ‘द फ्रिडम फन्ड’ संस्थाको सहयोगमा ‘सामाजिक परिचालन तथा शिक्षाका माध्यमबाट हरुवाचरुवाको सशक्तीकरण कार्यक्रम’अन्तर्गत जनचेतना अभियान, अभिभावक भेला तथा निःशुल्क बालकक्षा सञ्चालनमा ल्याएपछि अहिले विद्यालय जाने विद्यार्थीको संख्या तीन सयभन्दा बढी पुगेको हरुवाचरुवा शम्भुनाथ नगर बालक्लबका अर्जुन सदाले जानकारी दिए । ‘पहिलापहिला हरुवाचरुवा मुसहर परिवारका बालबालिका पढाइभन्दा खेलकुदमै दिन बिताउने गर्थथे । गाउँमै निःशुल्क बालकक्षा सञ्चालनमा आएपछि विस्तारै पढाइलेखाइप्रति आकर्षित हुन थालेका छन’, अर्जुनले भने, ‘केही वर्षअघिसम्म विद्यालयमा मुसहर परिवारका बालबालिका न्यून संख्यामा भेट्थ्यो, अहिले विस्तारै उक्त संख्या बढ्दै गएको छ ।’
‘हरुवाचरुवा परिवारमा शिक्षाको महत्व थाहा नभएर होला अभिभावकले पनि आफ्ना छोराछोरी विद्यालय पठाउँदैनथे’, मोहनपुरका दिपा सदाले भनिन्, ‘अहिले चेतनाको स्तर वृद्धि हुनुका साथै शिक्षामूलक अभियानले गर्दा अभिभावकमा छोराछोरीलाई पढाउनुपर्छ भन्ने चेतनाको विकास भएको छ ।’ कुनैबेला आफूलाई पढ्न रहर हुँदाहुँदै पनि बाल्यकालमै अभिभावकले विवाह गरिदिएको सम्झिँदै उनले अहिले त्यस्तो अवस्था बिस्तारै हट्दै गएको बताइन् । हरुवाहरुवा मुसहर परिवारका अभिभावक जिम्मेवार बन्दै गएका उनको बुझाइ छ ।
हरुवाचरुवा परिवारमा शिक्षाको अवस्था अत्यन्तै नाजुक देखिएपछि संस्थाले शम्भुनाथ नगरपालिकाको विभिन्न वडामा सञ्चालन गरेको निःशुल्क बालशिक्षा कार्यक्रममा अहिले उक्त समुदायका दुई सयभन्दा बढी बालबालिका नियमितरुपमा अध्ययन गर्न आउने गरेका श्रीपुर्राज सामुदायिक केन्द्रका संयोजक विनोदानन्द चौधरीले बताए । तीमध्ये एक सय ५० बालबालिकालाई विभिन्न विद्यालयको पहुँचमा पुऱ्याइएको उहाँले जानकारी दिए । संयोजक चौधरीका अनुसार विद्यालयमा भर्ना भएका बालबालिकालाई संस्थाकोतर्फबाट शैक्षिक सामग्री र स्कुल झोला निःशुल्क उपलब्ध गराएको छ । विद्यालय बाहिर रहेका बालबालिकाका लागि हाल तीन जना दक्ष शिक्षिका र एक दर्जन स्वयंसेवक परिचालित गरेर नौमहिने बालशिक्षा प्रदान गरिरहेको भन्दै क्रमिकरुपमा विद्यालय भर्ना गराउँदै लगिने उनले जानकारी दिए ।
‘प्रारम्भिक बालशिक्षाबाट राम्रो गर्दै गएका एक सय ५० जना हरुवाचरुवा परिवारका बालबालिकालाई अहिलेसम्म स्थानीय विद्यालयमा भर्ना गराइसकिएको छ’, केन्द्रका सहजकर्ता रामले भने, ‘बाँकी रहेकालाई क्रमशः पाइकपर्ने विद्यालयमा भर्ना गराउने तयारीमा छौँ ।’
गरिबी र अभावबाट गुज्रिरहेका हरुवाचरुवा र मुसहर समुदायका अधिकांश बालबालिका विद्यालयको पहुँचभन्दा बाहिर हुने गरेकामा उनीहरुलाई शिक्षासँग जोड अभियान सञ्चालन गरी आगामी शैक्षिकसत्रदेखि सबैलाई विद्यालयसँग जोड्न पहल गरिएको उनको भनाइ छ । शैक्षिकरुपमा पछाडि परेका हरुवाचरुवा र मुसहर समुदायका बालबालिकाको विद्यालय आउनेक्रम बढेको भन्दै यस्तो अभियानलाई अझ सशक्त बनाएर निरन्तरता दिनुपर्ने शम्भुनाथ–३ स्थित बौकीदेवी दलित आधारभूत विद्यालयका प्रधानाध्यापक गोसाइँ पासवानले बताए । भर्ना हुन आउने बालबालिकालाई विद्यालयको तर्फबाट आवश्यक सहयोग र सहजीकरण गरिने उनको भनाइ छ । रासस

*अनुशासन लक्ष्य र उपलब्धि बीचको पुल हो । –जिम रोन*

## सम्पादकीय

# गृहमन्त्रीको कथन र जनकपुरेको अपेक्षा

*जनकपुरधाम धार्मिक र पोखरी भएको शहरका रुपमा परिचित छ । तर तिनै धार्मिकस्थल र पोखरी लोप हुने अवस्थामा पुगेका छन् । जनकपुरधामका अधिकांश सम्पदा नासिने क्रममा पुगेको छ । खास गरेर आधुनिक जनकपुरको निर्माण सुरकिशोर दासले गरेका थिए । उनले आधुनिक जनकपुरधामको निर्माण गरेपछि जनकपुरको विभिन्न समुदायले आआफ्नो जातिको मठमन्दिरसमेत निर्माण गरे । कतिपय मठमन्दिर निजीसमेत निर्माण भए । जनकपुरको विकासप्रति तत्कालीन राज्यको समेत सहयोगी भावना रह्यो । जनकपुरधाम मकवानपुरका सेन वंशका राजाको अधीनमा रहेका कारण सेनवंशका शासकले समेत जनकपुरको धार्मिक विकासको लागि जग्गा दिए । त्यसैबाट जनकपुरमा मठमन्दिर विकास र पूजापाठ हुन थाल्यो । जनकपुरका मठमन्दिरको जग्गा पर्याप्त भएपछि यसको सञ्चालनमा समस्या कहिल्यै आएन । मकवानपुर राज्यव्यवस्था पछि शाहवंशको शासन आए पनि उनीहरुले समेत जनकपुरको विकासमा आफ्नो योगदान दिए तर सबैतिरबाट जनकपुरको विकासका लागि जग्गाको विकास भएपछि जनकपुरले लामो समयसम्म ती जग्गा संरक्षण गर्न सकेन ।*

*अहिले जनकपुरको कतिपय मठमन्दिर लोप हुने अवस्थामा पुगेका छन भने कतिपय मन्दिर संरक्षणविहीन अवस्थामा पुगेका छन् । जनकपुरको धार्मिक नगरी र विकासका लागि सरकारले बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् स्थापना गरेको छ । जनकपुरको विकासका लागि संस्थाको स्थापना भएपछि संस्थाले आफ्नो उद्देश्यअनुरुप थोरबहुत अगाडि बढे पनि जुन रुपमा बढ्नुपर्ने हो त्यसअनुसारले अहिले पनि बढ्नसकेको छैन । कहिले यसमा हुने राजनीतिक हस्तपेक्ष त कहिले कर्मचारीको असहयोगका कारण परिषद्ले आफ्नो कामलाई गति दिन सकेन । जनकपुर क्षेत्रका अधिकांश पोखरी पुरेर अतिक्रमण बढाउने प्रयास भए । अतिक्रमणमुक्त बनाउने अभियानका रुपमा श्रेय तत्कालीन परिषदका अध्यक्ष रामकुमार शर्मालाई जाने गरेको छ । जसले जनकपुरको अधिकांश पोखरीलाई अतिक्रमणमुक्त बनाए । त्यो भन्दा पूर्व परिषदका अध्यक्ष भोजराज घिमिरेले सार्वजनिक जग्गा मठमन्दिरका विषयमा खोज गर्न आयोग गठन गरेर कार्य गरे । त्यसले जनकपुरमा सार्वजनिक सम्पत्तिको लुटको विषय बाहिर ल्याए । प्रतिवेदन बाहिर ल्याए पनि प्रतिवेदन कहिल्यै कार्यान्वयनमा आउन सकेन । अहिले पनि जनकपुरको सम्पदा अतिक्रमण गराउने, मास्ने र कब्जा गर्ने भूमाफियाहरुको प्रयास जारी छ ।*

*कतिपय ठाउँमा उनीहरु सफल भएका छन । कतिपय ठाउँमा सरकारी संयन्त्रको प्रयोग गरेर भए पनि जनकपुरको सम्पदा विनाश गरिएका छन् । जो वास्तवमा धार्मिक नगरी जनकपुरका लागि एउटा कालो पक्ष हो । अहिले गृहमन्त्री रवि लामिछानेले जनकपुरको सार्वजनिक सम्पदा संरक्षणका लागि ठूलो अभियान चलाउने तयारी गरिरहेको जानकारी दिएका छन । गृहमन्त्रीको कथनपछि केही भूमाफिया त्रसित भए पनि जबसम्म अभियान सञ्चालन गरिदैंन, तबसम्म आमजनतामा विश्वासको वातावरणसमेत सिर्जना भएको देखिदैँन । किनभने यसअघि समेत धेरै नेता र मन्त्रीले यस किसिमका अभियानको कुरा गरेका थिए । त्यसकारण जनकपुरको सार्वजनिक जग्गा जोगाउन भाषणमा मात्रै नभएर यसलाई कार्यमा देख्न जनकपुरवासी चाहन्छन् । सुन्दर जनकपुरको परिकल्पना जसले गरे पनि जनकपुरबासी त्यसका साथमा छन् । जसले अभियानको साथ र सहयोगका लागि जनकपुरबासी सदैव साथ दिन तयार छन तर यसका लागि दरिलो मुटुका साथ अतिक्रमणमुक्त बनाउने अभियान चलाइनु पर्छ । जो आफैँमा कठीन र दुरुह कार्य हो । त्यसकारण सरकारले यस किसिमको काम गर्ने हो भने जनताको साथ सहयोग रहन्छ नै ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# पर्यटकीय गन्तव्य बन्दै ठोरी



हिमाल लम्साल




विसं २०२५ मा सिन्धुपाल्चोकको साबिकको हरजङ्ग गाविसका लालबहादुर श्रेष्ठ पाँच वर्षकै उमेरमा आफ्नो बुबाआमाका साथमा लागेर त्यतिबेलाको चितवनको ठोरी गाविसमा नयाँ बस्ती बसाल्न आउनुभयो। तत्कालीन राजा महेन्द्रले भारतीय अतिक्रमणबाट ठोरीलगायत आसपासको जङ्गल जोगाउनकै लागि भनेर नयाँ बस्ती बसाल्ने योजना सारेसँगै श्रेष्ठसहितका व्यक्तिहरु आधा दर्जनभन्दा धेरै पहाडी जिल्लाबाट बसाइँ सरेर आउने लहर चल्यो। सोही क्रममा सिन्धुपाल्चोक, चितवन, मकवानपुर, पर्वत, गोरखा, लमजुङ, रामेछाप, दोलखालगायत जिल्लाबाट ठोरीको आसपासमा रहेका निर्मलबस्ती, सुवर्णपुरलगायत बस्तीमा आएर बसोबास गर्न थालेका थिए।

पाँच वर्षको उमेरमा सिन्धुपाल्चोकबाट ठोरी झर्नुभएका श्रेष्ठ यहाँ आएको ५४ वर्षपछि नै ठोरी गाउँपालिकाको अध्यक्षमा निर्वाचित हुनुभयो। "सिन्धुपाल्चोकको बराम्चीबाट मेरा मामाहरु २०२१ सालमा नै ठोरीमा झर्नुभ¥यो। मामाहरुकै जोडबलकै कारणले २०२५ साल मलाई पनि साथमा लिएर मेरो बुबाआमा पनि ठोरीमा आउनुभएको हो," विगत स्मरण गर्दै अध्यक्ष श्रेष्ठले भन्नुभयो, "हामीले सानो हुँदा ठोरी आसपासको जङ्गल जोगाउनकै लागि ल्याइएको भन्ने सुन्दै आइरहेको छु।"

सुरुआती समयमा त ठोरीबाट सदरमुकाम चितवन पुग्न निकै कठिन थियो। बाटोको असहज सुविधा, अन्कन्टार जङ्गल नै जङ्गलको यात्रा गर्नुपर्ने अर्को बाध्यता पनि थियो। तत्कालीन ठोरीको बस्तीमा बसेका बासिन्दालाई चितवन जिल्ला सदरमुकाम जानभन्दा पर्साको सदरमुकाम वीरगञ्ज जान सहज हुने भन्दै सीमा पुनर्गठन समितिले २०३४÷३५ सालमा ठोरीलाई पर्सा जिल्लामा गाभेको थियो। "पहिला त ठोरीको दुःखको कुरै नगरौँ। सीमावर्ती क्षेत्रका डाकुले लुटपाट गरेर हैरानै पार्ने गर्थे," अध्यक्ष श्रेष्ठले भन्नुभयो, "सडक यातायातको असुविधाको कारणले धेरै नै दुःखको हन्डर खाइयो। हामी आएको ५६ वर्षमा अहिले ठोरीको स्वरुप धेरै फेरिएको छ।"

ठोरीबाट वीरगञ्जसँग कालोपत्रसहितको दुई लेनको चौडा सडक बनेको छ। त्यति मात्रै होइन, चितवन छिचोल्ने कच्ची सडकसमेत तयार भइसकेको छ। उतिबेला राजा महेन्द्रले विभिन्न पहाडी जिल्लाबाट ल्याएर बसालेको बस्ती अहिले पर्यटकीय आकर्षणको केन्द्र बन्ने वातावरण बन्दै आइरहेको छ। तराई÷मधेसमा मधेश पर्ने भए पनि ठोरी गाउँपालिका भने पहाडैपहाडले घेरिएको मनोरम उपत्यका हो। समृद्धि ठोरी अभियानका संयोजक प्रकाश खनालले चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र भारतको वाल्मीकि रिजर्भ एरियाको सङ्गमस्थलमा पर्ने भएकाले पनि वन्यजन्तु तथा पर्या–पर्यटनका लागि उपयुक्त स्थल भएको बताउनुहुन्छ।

"ठोरीमा पर्याप्त मात्रामा पर्यटकीय सम्भावना हुँदाहँुदै पनि पूर्वाधारको अभावका कारण पर्यटकीय गतिविधि चाहेजति बढाउन सकिरहेका छैनौँ," उहाँले भन्नुभयो, "सुविधासम्पन्न होटल तथा अन्य पूर्वाधार नहुँदा पर्यटकलाई यही क्षेत्रमा अड्याउन भने सकिरहेका छैनौँ।" उहाँले वन्यजन्तु पर्यटन र ऐतिहासिक गन्तव्य भएकाले पनि पर्यटनको प्रचुर सम्भावना रहेर पनि सङ्घीय र प्रदेश सरकारले पर्यटन पूर्वाधार निर्माणमा अपेक्षाकृत सहयोग नगरेको गुनासो गर्नुभयो।

नाकाबन्दीको समयमा ठोरी नै मुलुकभर पेट्रोलियम पदार्थ उपलब्ध गराउने अनौपचारिक नाका जस्तै भयो। त्यसैमा पूर्वप्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पाटी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले राम भगवान ठोरीमा जन्मिएको अभिव्यक्ति दिएसँगै यसको चर्चा–परिचर्चा धेरै हुन थाल्यो।

यहाँ राईधारा वनभोजस्थलका रुपमा निकै चर्चित छ। सेतो पहाड, गोले डाँडा, रातो पहाड, सिनेही पहाड, स्टोनपार्क, रानीवन, अमृतधारा, चिसापानी, सीतागुफा, वनशक्ति मन्दिर, बाघमोर्चा मन्दिर, सिकारीबासलगायत चार दर्जनभन्दा धेरै पर्यटकीयस्थल रहेका छन्। ठोरी गाउँपालिका–२ मा रहेको भ्यूटावरबाट पनि सूर्योदय र सूर्यास्तको दृश्य हेर्न पाइने भएकाले पनि पर्यटकको आकर्षण बढेको छ। पर्यटकीय गतिविधि फस्टाउन थालेसँगै बिस्तारै यहाँ होटल तथा रेष्टुरेन्ट खुल्ने क्रम पनि बढ्दै गइरहेको छ। ठोरी गाउँपालिकामा दुई वर्षदेखि सुविधासम्पन्न ठोरी जङ्गल रिसोर्ट पनि सञ्चालनमा आइरहेको छ।

ठोरी जङ्गल रिसोर्टका सञ्चालक सुदीप थापा ठोरीमा भारतीय र स्वदेशी पर्यटकको आवागमन पछिल्ला वर्षमा धेरै बढेको बताउनुहुन्छ। "हामीले दुई वर्षअघि ठूलो जोखिम



मोलेर करिब सात करोड लगानीमा रिसोर्ट सञ्चालनमा ल्याएका थियौँ। यहाँ स्वदेशी तथा विदेशी पर्यटकको आवागमनले पर्यटनको 'अफ सिजन'मा पनि पर्यटकको कुनै अभाव छैन," सञ्चालक थापाले भन्नुभयो, "वन्यजन्तु पर्यटनका लागि प्रचुर सम्भावनाको क्षेत्र भए पनि सरकारले आधारभूत पर्यटकीय पूर्वाधार निर्माण नगर्दा भने अपेक्षित रुपमा पर्यटन क्षेत्रको विकास हुन सकिरहेको छैन।"

ठोरीमा कति पर्यटक आउँछन् भन्ने यकिन तथ्याङ्क छैन। यद्यपि, ठोरी जङ्गल रिसोर्टले भने गत आर्थिक वर्षमा ६२ हजार पर्यटकले रिसोर्ट घुमेको दाबी गर्छ। रिसोर्टका सञ्चालक थापाले रिसोर्टमा गत वर्ष मात्रै ४८ हजारभन्दा धेरै ग्राहक आएको बताउनुभयो। सञ्चालक थापा ठोरीमा भारतीयको सीमावर्ती सहर जमुनिया, नरकटियागञ्ज, रामनगर, रक्सौल, सुगौली र मुजफ्फरपुर र पटनालगायत भारतीय पर्यटकलाई आकर्षित गर्न सकिने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "प्रायः शनिबार र आइतबार बिदा मनाउन आउने पर्यटकलाई आकर्षित गर्न सकिएमा पनि धेरै राहत पुग्नेछ।"

### ठोरीलाई पर्यटकीय क्षेत्र घोषणा कागजमै सीमित

मधेश प्रदेश सरकारले पर्साको ठोरी गाउँपालिकालाई पर्यटकीय क्षेत्र घोषणा केवल कागजमा मात्रै सीमित भएको छ। तत्कालीन मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा २०७८ साल चैत ११ गते ठोरीमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले ठोरीलाई पर्यटकीय गन्तव्यस्थलका रुपमा विकास गर्नका लागि रु १० करोड विनियोजन गर्ने घोषणा पनि गरेको थियो तर अहिलेसम्म प्रदेश सरकारले ठोरीको पर्यटन विकासका लागि पूर्वघोषणा गरेअनुरुपको बजेट विनियोजन भने गरेन।

ठोरी गाउँपालिकाका अध्यक्ष श्रेष्ठ प्रदेश सरकारले पर्यटकीय गन्तव्यका रुपमा घोषणा गरे पनि बजेट भने विनियोजन नगरेको बताउनुहुन्छ। "मधेस प्रदेशको मन्त्रिपरिषद्कै बैठक बसेर पर्यटकीय गन्तव्य निर्माणका लागि रु १० करोड बजेट विनियोजन गर्ने निर्णय हुँदा यस क्षेत्रमा पर्यटनको विकास हुने ठूलो आशा गरेका थियौँ तर मधेस सरकारको घोषणा केवल कागजमा मात्रै सीमित हुँदा हामी निराश भएका छौँ," उहाँले भन्नुभयो।

गाउँपालिका अध्यक्ष श्रेष्ठले मधेस प्रदेशको एक मात्रै पहाडी गाउँपालिका भए पनि बेवास्ता गरेको आरोप लगाउनुभयो। गाउँपालिकाले ठोरीको पर्यटनलाई व्यवस्थित गराउन रु नौ करोडको लागतमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर यही वर्ष रु एक करोड लागतको काम सुरु हुन गरिरहेको जनाएको छ। पालिकाले आफ्नै बजेटले ज्येष्ठ नागरिकलाई आराम गर्ने बगैँचा, युवालाई सेल्फी खिच्ने ठाउँ, पौडी पोखरी र बालबालिकालाई खेल्ने ठाउँ बनाउँदैछ। ठोरी गाउँपालिका १२८ दशमलव ६७ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

### भन्सारमै सटही सुविधाको माग

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भारतको विहार र उत्तर प्रदेश राज्यको जनसंख्याको थोरै हिस्सा पर्यटक मात्रै भित्र्याउन सकेको खण्डमा पनि नेपालको पर्यटन क्षेत्रलाई गुल्जार बनाउन सकिने बताउनुहुन्छ। "पर्सा जिल्लाबाट नजिकै भारतको विहार राज्यमा कम्तीमा रु १३ करोड र उत्तरप्रदेश राज्यमा १९ करोड जनसंख्या रहेका छन्। ती राज्यहरुबाट कूल जनसंख्याको एक प्रतिशत मात्रै पर्यटक ल्याउन सके पनि यस क्षेत्रको पर्यटनले मुहार फेर्न सक्ने थियो।

अहिले भारतीय पर्यटक बोकेर आएका भारतीय नम्बर प्लेटका सवारीसाधनले दैनिक रु सात सय ६५ तिरेर यात्रा गर्ने गर्छन्। अध्यक्ष अग्रवालले पर्सा जिल्लामा रहेका भन्सार कार्यालयसँग मुद्रा सटहीको काउन्टर राख्नुपर्ने बताउनुभयो। "भारतीय पर्यटकले भारु पैसा बोकेर आउने गर्छन्। भन्सार क्षेत्रमा मुद्रा सटही नहुँदा पनि पर्यटकले विभिन्न खालका सास्ती भोग्नुपरेको छ," उहाँले भन्नभयो, "यस्ता खालका समस्या समाधान गर्ने हो भने पर्यटकको आकर्षण अझै बढाउन सकिने थियो।"

### ठोरी हुँदै भरतपुर

छोटी भन्सार कार्यालय ठोरीले आफ्नो सेवा स्तरोन्नति गरेसँगै अहिले भारतीय पर्यटकहरुले सवारीसाधनसहितको अस्थायी अनुमति प्राप्त गर्न सहज भएसँगै ठूलो संख्यामा ठोरी नाका हुँदै भित्रिरहेका छन्। भरतपुर महानगरपालिकाले भ्रमण वर्ष २०२४ को अवसर पारेर ठोरी नाका हँुदै आउने पर्यटकलाई भित्र्याउन ठूलै कसरत गर्दै आइरहेको छ तर ठोरी हँुदै भरतपुरसम्मको सडक राम्रो नहुँदा पनि समस्या भइरहेको छ।

भरतपुर महानगरका नगरप्रमुख रेनु दाहालले सङ्घीय–प्रदेश र स्थानीय सरकारसँग समन्वय गरेर ठोरी–भरतपुर सडक खण्डलाई व्यवस्थित गरेर पर्यटकीय गतिविधिलाई अझै बढाउने कोसिस गर्दै आइरहेको बताउनुभयो। वीरगंज बजारदेखि ठोरी ५० किलोमिटरको दूरीमा रहेको छ। ठोरीदेखि भरतपुर ७० किलोमिटरको हाराहारीमा रहेको छ। यो सडक खण्ड हुलाकी राजमार्गले जोडिएको छ तर चितवन राष्ट्रिय निकुञ्जको संरक्षण क्षेत्रमा पर्ने भएकाले केही खण्डको सडक भने कालोपत्र नहुँदा पर्यटकीय आवागमनलाई सहज हुन सकिरहेको छैन। रासस

# ‘राष्ट्रिय परिचयपत्र अनिवार्य गराउँदा नागरिकलाई सास्ती’



**काठमाडौँ ।**
राष्ट्रियसभाको हमजको बैठकमा सांसदहरुले वृद्धभत्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा नागरिकलाई सास्ती भएको बताएका छन् । आइतबार बसेको राष्ट्रियसभाको विशेष समयमा सम्बोधन गर्दै उनीहरुले राष्ट्रिय परिचयपत्र अनिवार्य गर्न नहुनेमा जोड दिएका हुन् । सांसद जीतजङ्ग बस्नेतले वृद्धाभत्ता लिनलाई नागरिकता भए पुग्नेमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेर झन्झटिलो प्रवधान बनाउँदा नागरिकलाई गाह्रो भइरहेको भन्दै यो व्यवस्था खारेज गर्न आग्रह गरे । उनले मुलुकभर वन अतिक्रमणका साथै वन विनाश भइरहेका जनाउँदै सरकारले वन क्षेत्रको संरक्षणका लागि आवश्यक पहल अगाडि बढाउनुपर्नेमा जोड दिए । सांसद बस्नेतले कर्मचारीको तलब बढाउन आवश्यक रहेकामा जोड दिँदै भने, ‘कालोबजारी रोक्न नसकिने, कर्मचारीको थोरै तलब दिएर कसरी पुग्छ ?’
सांसद वामदेव गौतमले सम्पूर्ण जमिनलाई राष्ट्रियकरण गर्नुपर्नेमा जोड दिए । ‘भूमि नै मुख्य उत्पादनको साधन हो, तर टुक्राटुक्रा गरेर उत्पादनशील भूमि मासिन्छ कसरी मुलुक समृद्धि हुन्छ ?’ उनले प्रश्न गरे, ‘विश्वका जुनजुन स्थानमा राष्ट्रियकरण गरिएको छ, ती मुलुक धनी छन् ।’ सांसद गोपीबहादुर अछामीले अछाममा छाउगोठमा बसिरहेकी किशोरीमाथि भएको बलात्कारको घटनामा सरकारले गम्भीर भएर छानबिन गर्नुपर्नेमा जोड दिए । उनले घरभाडा समयानुकूल बनाउनुपर्नेलगायत ११ बुदे माग राख्दै आन्दोलनरत सङ्घीय संसद् सचिवालयका कर्मचारीका जायज माग पूरा गर्नुपर्ने बताए । मनसुनजन्य विपद्का घटनाका पीडितलाई सरकारले समयमा नै राहत उपलब्ध गराउनुपर्ने उनको भनाइ छ । सांसद किरणबहादुर श्रेष्ठले मुलुकमा स्थिर सरकार बनाउने हो भने निर्वाचन प्रणाली बदल्नुपर्ने बताए । उनले नेताले इमान्दीरतापूर्वक काम गर्दा मुलुकको मुहार फेर्न सकिने भन्दै सबैले देश विकानसमा एकजुट भएर इमान्दीरतापूर्वक काम गर्नुपर्नेमा जोड दिए ।
सांसद तुलसाकुमारी दाहालले अछाममा छाउपडीप्रथाका कारण किशोरीमाथि भएको घटनाप्रति आक्रोश व्यक्त गर्दै सरकार गम्भीर भएर छानबिन गर्नुपर्नेमा जोड दिइन् । ‘छाउका नाममा महिलालाई अछुतकारुपमा व्यवहार गर्दा आज किशोरी बलात्कृत हुनुपरेको छ, छाउगोठ हटाउन समाजमा सचेतना जगाउन जरुरी छ’ उनले भनिन्, ‘यस्तो कु–प्रथा अन्त्य गर्न सरकारले पहल गर्नुपर्छ ।’ घरभाडा समयानुकूल बनाउनुपर्ने, आन्दोलनरत सङ्घीय संसद् सचिवालयका कर्मचारीले राखेका माग सम्बोधन हुनुपर्नेलगायत १ बुँदे माग राख्दै सांसद दाहालले राष्ट्रिय परिचयपत्र अनिवार्य गर्दा नागरिकलाई सास्ती भएको बताइन् । सांसद मदनकुमारी साह गरिमाले अछाममा छाउपडीका कारण किशोरी बलात्कृत हुनुपरेको भन्दै छाउपडीप्रथा उन्मूलन हुनुपर्नेमा जोड दिइन् । सांसद विष्णुकुमारी सापकोटाले विदेशी ऋणले मुलुकको समृद्धि हासिल हुन नसक्ने भन्दै मुलुकभित्र रहेका सम्भावना पहिचान गरी स्वरोजगार सिर्जना गर्नुपर्नेमा जोड दिइन् । सांसद भुवनबहादुर सुनुवारले अछाममा छाउपडीप्रथाका नाममा किशोरी बलात्कृत भएको घटनाको घोर निन्दा गरे । ज्येष्ठ नागरिक भत्ता लिनका लागि राष्ट्रिय परिचयपत्र लिनुपर्ने व्यवस्था झन्झटिलो रहेको भन्दै यसमा तत्काल सुधार गरी सहजता बनाउनुपर्ने बताए । रासस




# ‘राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन आवश्यक’




**काठमाडौँ ।**
रक्षामन्त्री हरिप्रसाद उप्रेतीले मुलुकको राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन आवश्यक रहेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका प्रश्नहरुको जवाफ दिदै उनले राष्ट्रिय सुरक्षा परिषद्लाई अझ प्रभावकारी बनाउँदै सबै सुरक्षा संयन्त्रहरूका बीचमा सशक्त समन्वयका माध्यमबाट समग्र राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन पहल थालिएको बताए । मन्त्री उप्रेतीले राष्ट्रिय सुरक्षासँग जोडिएका समग्र विषयलाई उपयुक्त तरिकाले सम्बोधन गर्न मन्त्रालयको विशेष प्राथमिकता तथा पहलमा राष्ट्रिय सुरक्षासम्बन्धी विधेयक तर्जुमा भई हाल कार्यान्वय प्रक्रियामा रहेको जानकारी दिए । उनले नेपाली सेनालाई समवेशी चरित्रको बनाउन काम सुरु गरिएको, सेना भर्ना प्रक्रिया समावेशी बनाई पछिडिएका, सीमान्तकृत समुदायको प्रतिनिधित्व गराइएको, सरुवा बढुवामा कुनै भेदभाव नहुने व्यवस्था गरिएको बताए ।
रक्षामन्त्री उप्रेतीले मुलुकको वर्तमान सुरक्षा स्थितिलाई थप सुदृढ र मजबुत बनाउन सरकार प्रतिबद्ध रहेको बताए । उनले नेपाली सेनाको सुदृढीकरण, आधुनिकीकरण, सबलीकरण र पेसागत क्षमता अभिवृद्धि गर्दै जाने विषयलाई रक्षा मन्त्रालयले उच्च प्राथमिकतामा राखेको जानकारी दिए । ‘नेपाली सेनालगायत सबै सुरक्षा अङ्गहरूको आधुनिकीकरण, सबलीकरण र पेसागत क्षमता अभिवृद्धि गर्दै जाने तथा आधारभूत सुरक्षा सामग्री र उपकरणमा आत्मनिर्भर हुँदै जाने विषयलाई सरकारले उच्च प्राथमिकतामा राखी काम गर्दै आइरहेको छ’ उनले भने । सेनालाई समयानुकूल दक्ष, आधुनिक, थप व्यावसायिक र प्रविधिमा आधारित फौज बनाई गुणस्तर बढाउन, सेनाको दक्षता र मनोबल अभिवृद्धि गर्न मन्त्रालयले प्राथमिकता दिँदै आएको भन्दै मन्त्री उप्रतीले सीमित बजेटलाई विभिन्न क्षेत्रमा विनियोजन गर्नुपर्ने सरकारको बाध्यताका कारण पर्याप्त बजेट उपलब्ध गराउन नसकिएको उल्लेख गरे । युवापुस्तामा राष्ट्रप्रतिको सेवा र समर्पित भाव जगाउनका निम्ति राष्ट्रिय सेवादलका क्षेत्रमा बढी बजेट विनियोजना गरिएको भन्दै यस वर्ष सात हजार चार सय सात जनालाई प्रशिक्षण दिइने योजना रहेको उनले सुनाए । उनका अनुसार मुलुकभर हालसम्म ८२ हजार एक सय ८४ प्रशिक्षित भइसकेका छन् ।
नेपालको संविधान, सैनिक ऐन, २०६३, प्रचलित सुरक्षासम्बन्धी कानुन तथा राष्ट्रिय सुरक्षा नीति, २०७५ अनुसार मुलुकको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेना अहोरात्र समर्पित भई खटिँदै आएको मन्त्री उप्रेतीको भनाइ छ । उनका अनुसार नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णयबमोजिम सम्माननीय राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा हुने संवैधानिक व्यवस्था रहेको छ । सेनाले वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धमा महत्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै रक्षामन्त्री उप्रेतीले वन तथा पर्यावरण सुरक्षा, हिमाल सफाइ, ऐतिहासिक एवं पुरातात्त्विक महत्वका संरचनाहरूको सुरक्षा, चुरे संरक्षण, प्रकृति संरक्षणजस्ता तोकिएका अन्य प्रकृतिका कार्यहरूमा समेत परिचालन हुँदै आइरहेको उल्लेख गरे । काठमाडौँ–तराई मधेस द्रुतमार्ग सडक आयोजना, ठूला र रणनीतिक महत्वका पूर्वाधारहरू तथा राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण मानिएका दुर्गम तथा पहाडी क्षेत्रको विकास, निमार्ण तथा विपद् व्यवस्थापन कार्यमा नेपाली सेना संलग्न हुँदै आएको छ ।

### द्रुतमार्गमा करिब ३५ प्रतिशत भौतिक प्रगति

रक्षामन्त्री उप्रेतीका अनुसार नेपाली सेनाद्वारा निर्माणाधीन काठमाडौँ–तराई–मधेश द्रुतमार्ग सडक आयोजनामा हालसम्म कूल ६५ अर्ब २१ करोर्ड खर्च भई कूल भौतिक प्रगति ३४ दशमलव ८२ प्रतिशत रहेको छ । उक्त द्रुतमार्ग सडक आयोजनाको प्रारम्भिक लागत मूल्य अभिवृद्धिकर तथा कन्टिजेन्सीसहित दुई खर्ब १३ अर्ब ९५ करोड रुपैयाँ रहेकामा अघिल्लो वर्ष साउनमा गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पुनरावलोकनपश्चात् दुई अर्ब दुई करोड रुपैयाँ घट्न गई संशोधित लागत दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ हुन आएको छ ।
उक्त आयोजनाको कूल लम्बाइ विगतमा ७२ दशमलव पाँच सय २९ किलोमिटर रहेकामा हाल संशोधित डिपिआरबमोजिम करिब एक दशमलव पाँच सय ५२ किलोमिटर घट्न गई हाल ७० दशमलव नौ सय ७७ किलोमिटर कायम भएको छ । यसैगरी द्रुतमार्गमा ८९ वटा पुल (१२ दशमलव नौ सय ७७ किमी) र छ स्थानमा (१० दशमलव ०५५ किमी) मा सुरुङ समेत रहेको छ । ठूला प्रकृतिका विपद् र बृहत् स्वास्थ्य प्रकोपको समयमा घाइते तथा बिरामीलाई एकै ठाउँबाट ठूलो सङ्ख्यामा सबै किसिमका आधारभूत स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने प्रयोजनले नेपाली सेनाअन्तर्गत सैनिक कल्याणकारी कोषमा रहेको रकमलाई परिचालन गरी वीरेन्द्र सैनिक अस्पताल परिसरमा ‘मास क्याजुल्टी ट्रिटमेन्ट’ सेन्टर स्थापना गरी सञ्चालनमा भौतिक संरचना निर्माण अघि बढाइएको रक्षामन्त्री उप्रेतीले संसदमा जानकारी दिए । रासस

## प्रतिनिधिसभा बैठकः

# विपद् व्यवस्थापनको पूर्वतयारी गर्न माग



**काठमाडौँ ।**
प्रतिनिधिसभाका सदस्यहरुले विपद् व्यवस्थापनको पूर्वतयारी गर्न सरकारसँग माग गरेका छन् । यस वर्षको वर्षायाममा बाढी, पहिरो तथा डुबानको समस्या न्यूनीकरणको पूर्वतयारी र उद्धार एवं पुनःस्थापनामा ध्यान दिनुपर्नेमा उनीहरुले जोड दिएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा शून्य समयमा सांसदहरुले आन्दोलनरत संसद् सचिवालयका कर्मचारीको उचित माग सम्बोधन गर्नसमेत सरकारको ध्यानाकर्षण गराएका छन् । शून्य समयमा बोल्दै सांसद अच्युतप्रसाद मैनालीले सरकारको कर नीतिका कारण नेपाली गलैंचा व्यवसाय धराशायी हुने अवस्था पुगेको बताए । गलैंचा व्यवसायीलाई मूल्य अभिवृद्धि कर (भ्याट) छुट दिने व्यवस्था कार्यान्वयन गर्न उनले माग गरे ।
सांसद अनिशा नेपालीले हरेक जिल्लामा दलित कक्ष स्थापना गर्ने सरकारको योजना प्रभावकारीरुपमा कार्यान्वयन हुन नसकेको तथा भूमिहीन र सुकुम्बासीले लालपुर्जा पाउन नसकेको बताए । सांसद अब्दुल खानले रुसी सेनामा भर्ती भएका ६ नेपाली युवा युक्रेनी सेनाको नियन्त्रणमा पुगेका विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए । रुसी सेनामा कार्यरत नेपाली स्वदेश फिर्ताका लागि पहल गर्न उनले माग गरे । सांसद अम्मरबहादुर थापाले क्रमागत प्रकृतिका सडक आयोजनाका लागि न्यून बजेट विनियोजन गरिएको भन्दै काम सुरु भइसकेका आयोजनाका लागि पर्याप्त बजेट विनियोजन गर्न सरकारसँग माग गरे । सांसद अम्बरबहादुर रायमाझीले देशका विभिन्न स्थानमा भएका आगलागीपछि पीडितका लागि राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न माग गरे ।
सांसद अर्जुननरसिंह केसीले नुवाकोट दरबार पुनःनिर्माण हुन नसक्दा खण्डहर बनेको विषयमा सरकारको ध्यानाकर्षण गराए । नुवाकोट दरबार निर्माण गर्न चीन सरकारले सहयोग गर्ने विषयलाई तत्काल वार्ताद्वारा टुङ्गो लगाउनुपर्ने उनको माग छ । सांसद अशोककुमार चौधरीले कमजोर साइबर सुरक्षाका कारण बैंक खाता ह्याक गरेर पैसा लुट्ने घटना बढिरहेकामा सरकारको ध्यानाकर्षण गराए । सांसद अस्माकुमारी चौधरीले नागरिकको रोजगारको हक सुनिश्चित गरी मुलुकभित्रै रोजगार पाउने अवस्था सिर्जना गर्न बैठकमा माग गरिन् । सांसद असिम शाहले काठमाडौँस्थित घण्टाघरको घडीले समय देखाउन छोडेको विषय संसद्मा उठाए । सांसद डा आरजु राणा देउवाले महिला महिनावारी भएका बेला छाउगोठमा बस्नुपर्ने अवस्था अझै कायम रहेको र त्यसरी असुरक्षितरुपमा बस्नुपर्दा बलात्कारका घटना बढिरहेकाबारे सरकारको ध्यानाकर्षण गराइन् । सांसद ईश्वरी घर्तीले दुई सय ३७ स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेको विषयमा सरकारको ध्यानाकर्षण गराइन् । स्थानीय तह निमित्तका भरमा चलिरहँदा उनीहरुलाई आगामी आर्थिक वर्षको बजेट ल्याउन समस्या भएको सांसद घर्तीले बताइन् । सङ्घीय निजामति सेवा ऐन चाँडो ल्याउन पनि उनले माग गरिन् । सांसद ईश्वरीदेवी न्यौपानेले देशका विभिन्न स्थानमा स्वाइनफ्लु फैलिएकाले रोग नियन्त्रणको कदम चाल्न र पीडित किसानलाई क्षतिपूर्ति दिन सरकारसँग माग गरिन् । उनले संसद् सचिवालयका कर्मचारीको माग सम्बोधन गर्नुपर्ने बताइन् । सांसद उर्मिला माझीले अग्निपीडितको समस्यालाई राज्यले वेवास्ता गरेको विषय उठाइन् । अग्निपीडितको उपचारका लागि अस्पतालमा आवश्यक स्रोतसाधन र जनशक्ति अभाव रहेका विषयमा पनि उहाँले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराइन् । सांसद कल्पना चौधरीले प्यूठानको स्वर्गद्वारी मन्दिरको जग्गाको विवाद सुल्झाउनुपर्ने र त्यहाँ बसोबास गरिरहेका नागरिकलाई जग्गाधनी पुर्जा उपलब्ध गराउन माग गरिन् । सांसद किरणकुमार साहले आन्दोलनरत सङ्घीय संसद्का कर्मचारी र कवाडी व्यवसायीको माग सम्बोधन गर्न आग्रह गरे । सांसद कुसुमदेवी थापाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट विनियोजनमा कुशलता नदेखिएको र जथाभावी बजेट बाँडिएको बताइन् । रुकुमपूर्वका लागि पर्याप्त बजेट विनियोजन नभएको उनको आरोप छ ।
सांसद गगनकुमार थापाले सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान वितरणमा देखिएको समस्या समाधान गर्न संसदमार्फत सरकारलाई आग्रह गरे । सांसद गणेश पराजुलीले नेपालभित्र विद्युत् उत्पादन पर्याप्त भए पनि अझै सबै स्थानमा विद्युतीयकरण हुन नसकेको र विभिन्न औद्योगिक क्षेत्रमा अहिले पनि विद्युत् कटौती हुने गरेको विषय उठाए । सांसद गोमा लाभ सापकोटाले विभिन्न खाद्यवस्तुको आयातमा सरकारले लगाएको अग्रिम आयकरका कारण बजारमा कालोबजारी र मूल्यवृद्धि देखिन थालेको विषय संसद्मा उठाइन् । सांसद गङ्गा कार्कीले संसद् सचिवालयका कर्मचारीको माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गरिन् ।
सांसद गङ्गाप्रसाद यादवले दैवी प्रकोप उद्धारका लागि सुरक्षा निकाय चनाखो हुनुपर्ने बताए । वर्षायाममा देशका विभिन्न स्थान बाढीपहिरो र डुबानको जोखिममा रहेको उल्लेख गर्दै उनले दैवी प्रकोप नियन्त्रण तथा उद्धारका काम तदारुकताका साथ अगाडि बढाउन सरकारसँग माग गरे । सांसद चन्दा कार्की (भण्डारी)ले स्टाफ नर्सले भोगिरहेका समस्या संसद्मा उठाउँदै समाधानका लागि सरकारको ध्यानाकर्षण गराइन् । स्वास्थ्य संस्थामा कार्यरत नर्सले पर्याप्त सेवासुविधा नपाएको, नर्सको वृत्तिविकास हुन नसकेको, देशभित्र अवसर नपाउँदा विदेशिनुपरेकालगायत समस्या उनले संसद्मा उठाइन् । सांसद चन्द्रबहादुर विश्वकर्माले संविधानको मर्म र भावनाअनुसार विभिन्न संस्थागत संरचना निर्माण हुन नसकेको बताए । कर्णाली प्रदेशमा तालिम केन्द्र स्थापना हुन नसकेको उनले बताए । सांसद चित्रबहादुर केसीले सरकारमा सहभागी मन्त्रीहरु संसद्प्रति जवाफदेही हुन नसकेको र केही मन्त्रीले बजेट विनियोजनमा मनोमानी गरेको देखिएको आरोप लगाए । सांसद छिरिङ डम्डुल लामाले चीनको हिल्सा नाका जोड्ने सडक निर्माण गर्न पर्याप्त बजेट विनियोजन हुन नसकेको बताइन् । सांसद जावेदा खातुन जागाले वर्षायाम सुरु भइसकेकाले तराई–मधेशका धेरै जिल्ला डुबानको उच्च जोखिममा रहेको उल्लेख गर्दै उक्त समस्या समाधान गर्न सरकारसँग माग गरिन् । सांसद जुलीकुमारी महतो (महासेठ)ले वर्षायामको सुरुमै विभिन्न क्षेत्रमा पहिरोका कारण सडक अवरुद्ध भएकाले यातायात पुनःसञ्चालन गर्न माग गरिन् । रासस

# नेप्से परिसूचकमा सामान्य गिरावट

**काठमाडौँ ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक पाँच दशमलव ३७ अङ्कले घटेर दुई हजार ६२ दशमलव ९४ को बिन्दुमा कायम भएको हो । आइतबार तीन सय १७ कम्पनीको ९५ लाख ६१ हजार सात सय २७ कित्ता शेयर ६१ हजार पाँच सय १३ पटक खरिद बिक्री हुँदा चार अर्ब ३७ करोड ४५ लाख ९७ हजार चार सय ५८ रुपैयाँ बराबरको कारोबार भएको छ । आइतबार वित्त समूह पाँच दशमलव ४९ र अन्य समूह शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै लघुवित्त समूह एक दशमलव २३ र होटल तथा पर्यटन समूह एक दशमलव १० प्रतिशतले घटेको छ ।
रिलायन्स फाइनान्स लिमिटेड, गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड, साधना लघुवित्त वित्तीय संस्था लिमिटेड, मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड र नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य ६ दशमलव ५८ र सनराईज ब्लुचिप फन्डको शेयर मूल्य पाँच दशमलव २४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै पोखरा फाइनान्स लिमिटेडको १७ करोड १३ लाख ५२ हजार तीन सय ९१ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा आइतबार सबैभन्दा धेरै रिलायन्स फाइनान्स लिमिटेडको तीन लाख नौ हजार चार सय ४३ कित्ता शेयर किनबेच भएको छ । रासस

# ‘नेपालको श्रमबजारलाई विदेशिनबाट रोक्नुपर्ने’




**रुपन्देही ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले नेपालको श्रमबजारलाई विदेशिनबाट रोक्नुपर्ने बताएका छन् । दाङको घोराहीमा सूचना तथा सञ्चार, प्रविधिको विकासको नवीनतम् प्रयोग (कृत्रिम बौद्धिकता) सम्बन्धी कार्यक्रम शनिबार उद्घाटन गर्दै उनले नेपालले उत्पादन गरेका योग्य श्रमशक्तिलाई देशमै उपयोग गर्नेबारे सबै पक्षले छलफल चलाउनुपर्ने बताएका हुन् । लुम्बिनी प्रदेश सरकारले पर्यटन, पर्यावरण, कृषि, जलस्रोतलगायतका क्षेत्रमा प्रविधिको प्रयोग गरी नेपाली श्रमबजारलाई यहीँ खपत हुने वातावरण सृजना गर्ने उनले जानकारी दिए । ‘नेपाली श्रमिकको श्रममूल्य नेपालमा कम रहेकाले विदेशिनुपर्ने बाध्यता रहेको छ’ मुख्यमन्त्री महराले भने, ‘नेपाली उत्पादनको वृद्धि र श्रममूल्य समयसापेक्ष बनाउन जरुरी देखिन्छ ।’ राप्ती इन्जिनरिङ कलेज, स्वर्गद्धारी कम्युनिकेसन तथा रिर्सच सेन्टर र साइलेन्स रिसर्च एण्ड इनोभेसन सेन्टरले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रममा मुख्यमन्त्री महराले असल कर्म र मानव हितका लागि प्रविधिको प्रयोगमा सबैले जोड दिन सुझाव दिए ।
कार्यक्रममा विभिन्न डिजिटल प्रविधि र सञ्चार क्षेत्रमा अध्ययन गर्ने विद्यार्थी, शिक्षकलगायत सहभागी थिए । मुख्यमन्त्री महराले संसारमा विकसित हुँदै गरेको डिजिटल प्रविधिलाई सही रूपमा प्रयोग गर्न जरुरी भएको बताउँदै दुरुपयोग हुने विषयवस्तुलाई नियन्त्रण गर्नुपर्ने धारणा राखे । ‘नेपालको शिक्षालाई प्रविधिसँग जोड्नु जरुरी छ’ उनले भने, ‘प्रविधि र सञ्चारसँग जोडिएको शिक्षा प्रभावकारी देखिएको छ ।’ नेपालका उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी विदेशिने क्रम बढ्दो रहेकाले यस विषयमा अनुसन्धान र खोज गरी नेपालमा अध्ययन गर्ने वातावरण तयार गर्न उनले आग्रह गरे ।
लुम्बिनी प्राविधिक विश्वविद्यालयका रजिष्ट्रार रेख भण्डारी, पूर्व स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा शैलेन्द्र गिरी, नेपाल टेलिभिजनका नायब महाप्रबन्धक इन्जिनियर चिन्तामणि बराल र नेपाल टेलिकमका इन्जिनियर रविराज यादवले कृत्रिम बौद्धिकतासम्बन्धी डिजिटल प्रविधिको प्रयोग र फाइदाका विषयमा प्रशिक्षण गराएका थिए । रासस

# विषाक्त मदिरा सेवनका कारण मृत्यु हुनेको संख्या ५३ पुग्यो



**एएफपी**
**बेङ्गलोर ।**
भारतमा विषाक्त मदीराको सेवनबाट ज्यान गुमाउनेको संख्या ५३ पुगेको भारतीय सञ्चारमाध्यमले आइतबार जनाएका छन् । तमिलनाडु राज्यका मुख्यमन्त्री एम.के स्टालिनले मङ्गलबार मदीरा पिएका ३७ जनाको केही घण्टाभित्रै मृत्यु भएको र अन्य दर्जनौँ व्यक्तिलाई अस्पतालमा भर्ना गरिएको बताएका थिए । स्थानीयस्तरमा उत्पादन गरेको मदीरामा विषाक्त मेथानोल मिसाइएको पुष्टि भएको उनले बताए । रक्सी पिउने १०० भन्दा बढी मानिसहरूलाई अस्पताल लगिएको थियो ।
भारतमा ब्याकस्ट्रिट डिस्टिलरीहरूमा बनेको सस्तो रक्सीबाट हरेक वर्ष सयौं मानिसहरू मर्छन्, तर यो विषाक्तता हालका वर्षहरूमा थप भयानक दखिएको छ । रक्सीको शक्ति बढाउन मिसाइने पदार्थ मेथानोलले अन्धोपन, कलेजोको क्षति र मृत्यु निम्त्याउन सक्छ । कल्लाकुरिची जिल्लाका गरिब मजदुरहरूले नियमित रूपमा प्लास्टिकको झोलामा ६० रुपैयाँ मूल्य पर्ने रक्सी किन्ने र काम गर्नु अघि पिउँने र यसैको नशामा काम गर्ने गरेको इन्डियन एक्सप्रेस पत्रिकाले आइतबार उल्लेख गरेको छ । रक्सीको सेवनपछि कतिपयले आँखा देख्न नसकेको बताएका थिए भने कतिपय बेहोस भई सडकमै ढलेका र उनीहरूमध्ये केहीको तत्काल मृत्यु भएको थियो । कल्लाकुरिची जिल्लाका शीर्ष सरकारी अधिकारी एम.एस प्रशान्तले घटनासँग सम्बन्धित व्यक्तिमध्ये शनिबारसम्ममा ५३ जनाको मृत्यु भएको बताएका छन् । केही भारतीय सञ्चारमाध्यमले आइतबार मृतकको संख्या ५५ पुगेको बताएका थिए तर यसको कुनै आधिकारिक पुष्टि भएको छैन । प्रशान्तले नक्कली रक्सी त्रासदीसँग सम्बन्धित सात जनालाई पक्राउ गरिएको बताए । इन्डियन एक्सप्रेसले बिहीबार विषालु पेय पदार्थको प्याकेट पिएर मृत्यु भएकाको पत्नि घरेलु कामदार कोलान्जीसँग कुरा गरेको थियो । उनका अनुसार स्थानीयले सरकारी पसलहरूबाट रक्सी किन्न नसक्ने तर नशाका लागि दुषित मुनशाइन नामक रक्सी पिउने गर्छन् । भारतका धेरै भागहरूमा रक्सी बेच्न र सेवन गर्न निषेध गरिएको छ, जसले गर्दा घातक ब्याकस्ट्रिट मुनशाइनजस्ता पेय पदार्थको कालो बजार फस्व्याएको छ । गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो ।

# जैविक ऊर्जा र प्लाइउडका कच्चापदार्थमा भ्याट नलगाउन आग्रह




**काठमाडौँ ।**
आगामी वर्षको बजेटमार्फत दाउरा, वनमारालगायतका वनपैदावारमा सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने प्रस्तावले स्वदेशी उद्योगलाई नकारात्मक असर गर्ने बताइएको छ । जैविक ऊर्जा व्यवसायी सङ्घ नेपाल र नेपाल प्लाइउड उत्पादक सङ्घले आइतबार पत्रकार सम्मेलन गरी स्वदेशकै वनपैदावारमा भ्याट लगाउने तर सोही प्रकृतिको कच्चापदार्थ भारत निकासी गर्न पैठारी कर तथा भ्याट छुटको व्यवस्था गरिएको भन्दै आपत्ति जनाएका हुन् ।
जैविक ऊर्जा व्यावसायी सङ्घ नेपालका अध्यक्ष सुशील ज्ञवालीले दाउरा, वनमारा, ब्रिकेट, प्यालेटमा विगतमा दिइएको भ्याट छुट हटाइँदा औद्योगिक इन्धन आयात प्रतिस्थापनको सम्भावना नरहने बताए । ‘एकातिर तयारी उत्पादनलाई पुनः आयात गर्न सहज हुनेगरी पैठारी घटेको छभने अर्कातिर सञ्चालनमा आउँदै गरेका ब्रिकेट, प्यालेटलगायत वन पैदावारमा आधारित उद्योगहरु बन्द हुने अवस्था छ’ अध्यक्ष ज्ञवालीले भने । केही युवाले वन क्षेत्रमा खेर गइरहेको वनपैदावार तथा कृषि वस्तु (वनको झाडी, वनमारा, काठको धुलो, वगास, प्लाइ वैस्ट, आदि) उपयोग गरी उद्योग स्थापना गरिरहेका छन् । यी उद्योगहरुले वनमारालगायत वनजन्य कच्चापदार्थहरुबाट तापीय ऊर्जाका लागि ब्रिकेट, पेलेट उत्पादन गरी बाहिरबाट आयातीत जीवास्मा इन्धन (डिजल, कोइला, एलपिजी ग्यास) प्रतिस्थापन गर्ने लक्ष्य लिएका छन् ।
ऊर्जा उत्पादनको नयाँ विकल्प ल्याई आयातीत जिवास्म इन्धन प्रतिस्थापनमा लागेका उद्योगलाई निरुत्साहित नगर्न नेपाल प्लाइउड उत्पादक सङ्घका अध्यक्ष होमनारायण घिमिरेले आग्रह गरे । पूर्वमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता गणेश शाहले ब्रिकेट तथा प्यालेटमा पहिलोपटक भ्याटको भार थपिनु र सोही वस्तु भारतबाट आयात हुँदा भ्याट तथा भन्सार शुल्क शून्य बनाइनु पश्चगामी कदम भएको टिप्पणी गरे । उनले सरकारले त्यस्तो प्रस्ताव फिर्ता लिनुपर्ने अन्यथा सोको विरोधमा अभियान सञ्चालन हुने जनाए । वातावरणविज्ञहरु भरतराज पोखरेल र सन्तोषमणि नेपालले पनि बजेटमा भएको उक्त व्यवस्थाले स्वदेशी उद्योग र रोजगारीलाई प्रतिकूल असर पार्ने बताए । रासस

# खेलकुद क्षेत्रको विकासलाई पहिलो प्राथमिकतामा राखिने



**काठमाडौँ ।**
युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले युवाको आकर्षण बढ्दै गएको खेलकुद क्षेत्रको विकासलाई मन्त्रालयले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको बताएका छन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथि उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै मन्त्री श्रेष्ठले खेलकुदको माध्यमबाट स्वस्थ र अनुशासित नागरिक तयार गरी राष्ट्रिय एकता र राष्ट्रिय गौरव बढाउन मन्त्रालयले प्राथमिकता दिएको बताए । उनले युवाको आकर्षण बढ्दै गएको खेल क्षेत्रको संरक्षण र विकास गरी राष्ट्र निर्माणमा सहभागी गराउन प्रयासरत रहेको उल्लेख गरे । खेलकुदमन्त्री श्रेष्ठले सीमित स्रोतसाधनका बाबजुद पनि खेलकुद क्षेत्रको समग्र सुधारका लागि लागिपरेको बताए । युवामा विकराल बन्दै गइरहेको लागूऔषको समस्या समाधान गर्न र उनीहरुलाई राष्ट्रनिर्माणमा प्रोत्साहन गर्न मन्त्रालयले नमूना युवा कार्यक्रम अगाडि बढाएको बताए ।
मन्त्री श्रेष्ठले खेलकुद पूर्वाधार विकासका लागि मूलपानी क्रिकेट रङ्गशाला निर्माण, कीर्तिपुरको क्रिकेट मैदानमा ‘फ्लड लाइट’ जडान, खेलाडी फिटनेस हल तथा सामग्री व्यवस्था, हाइअल्टिच्यूट ट्रेनिङ सेन्टर र खेलकुद तालिम केन्द्र स्थापना कार्यलाई प्राथमिकतामा राखिएको जानकारी दिए । युवालाई लागूऔष र कुलतबाट जोगाउन ‘आफ्नो माटो चिनौ’जस्ता युवा लक्षित कार्यक्रम अनुसन्धानका आधारमा ल्याइएको उनको भनाइ छ । मन्त्री श्रेष्ठले यो पटक पूर्वाधारमा भन्दा कार्यक्रममा बजेट बढी खर्च गर्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे । उनले राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि ६० करोड बजेट विनियोजन भएको तथा मूलपानी क्रिकेट रङ्गशालाका लागि ५० करोड रकम व्यवस्था गरिएको जानकारी दिए ।
खेलकुद सङ्गठनलाई सृजनशील कार्यमा प्रेरित गर्नुपर्ने, यस क्षेत्रमा रहेका शासकीय बेथितिलाई सुधार्न सबै सक्रिय भएर लाग्नुपर्नेमा मन्त्री श्रेष्ठले जोड दिए । खेलकुद ऐन संशोधनको क्रममा रहेको भन्दै उनले सातै प्रदेशबाट रायसुझाव लिएर असारभित्रै कानुन मन्त्रालयमा ऐनको मस्यौदा पठाउने तयारी भइरहेको उनले जानकारी दिए । मन्त्री श्रेष्ठले मदिरा, सुर्ती र लागूऔषध दुव्र्यसनी जस्ता कुलतबाट युवा जोगाउँदै उनीहरुमा सकारात्मक सोचको विकास गर्ने र युवाको भविष्यको लक्ष्य प्राप्तिका लागि उपयुक्त मार्गदर्शन गराउने उद्देश्यले राष्ट्रिय युवा परिषद्मार्फत युवा परामर्श तथा मार्गदर्शन कार्यक्रम ल्याइएको जानकारी दिए । युवा प्रतिभा पलायन हुने प्रवृत्तिलाई रोक्न सबै प्रदेशमा ‘ह्वाई नेपाल क्याम्पेन’ सञ्चालन गरी सामाजिक सञ्जालमार्फत सकारात्मक सन्देशमूलक सामग्री प्रसारण गर्ने योजना रहेको उनको भनाइ छ । उनका अनुसार युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा रहेको तीन अर्ब ८० करोड रुपैयाँ रकम हाल कर्जा लगानी गरिएको छ ।

> “ आगामी आवमा नियमित किस्ता रकम अनुमानित एक अर्ब ८० करोड रुपैयाँ फिर्ता हुने देखिन्छ । उक्त रकमबाट आगामी आवमा थप १० हजार युवालाई स्वरोजगार बनाउने लक्ष्य रहेको छ । ”

स्थानीयस्तरबाटै खेलकुदका तालिम प्रदान गर्न खेलकुदका प्रशिक्षक खटाइएको मन्त्री श्रेष्ठले बताए । अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउँन ‘मिसन, २०२६’, ‘छैटौँ एसियन इन्डो मार्सल आर्ट, २०२४’ र ‘पेरिस ओलम्पिक, २०२४’ लगायत बृहत् खेलकुदको तयारीका लागि राष्ट्रियस्तरमा १० वटा खेलका दुई सयभन्दा बढी खेलाडीलाई विशेष प्रशिक्षण सञ्चालन भइरहेको उनले जानकारी दिए । युवा तथा खेलकुदमन्त्री श्रेष्ठले गणेशमान सिंह बक्सिङ प्रतियोगितामा बक्सिङ खेलको मात्र प्रतियोगिता सञ्चालन हुने, मदन भण्डारी स्पोर्टस एकेडेमीबाट महिला र पुरुषका लागि बक्सिङ, भलिबल हक्की, एथ्लेटिक्स, तेक्वान्दो, कराते, व्याडमिन्डन, बास्केटबललगायत कम्तीमा १६ विधाका प्रतियोगिता आयोजना गर्ने भएकाले बढी रकम विनियोजन भएको जानकारी दिए ।
उनका अनुसार अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको छनोट सम्बन्धित खेल सङ्घको प्रशिक्षक, निर्णायक र सङ्घको पदाधिकारीसहितको छनोट समितिबाट निश्चित मापदण्ड, सिद्धान्त र प्रक्रियाबाट हुने भएकाले उक्त प्रक्रिया पारदर्शी बनाइएको छ । खेलकुदमन्त्री श्रेष्ठले खेलकुदका माध्यमबाट पर्यटनको विकास र विस्तार गर्न ११ वटा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न बजेट विनियोजन गरिएको बताए । जुम्लाको पातारासीमा स्वदेशी तथा विदेशी खेलाडीलाई तालिममा आकर्षिक गर्न हाइअल्टिच्यूट ट्रेनिङ सेन्टर निर्माण गर्न चार करोड रुपैयाँ विनियोजन गरिएको छ । साथै दोलखाको सैलुङमा तेक्वान्दो खेलको हाइअल्टिच्यूट ट्रेनिङ कभर्डहल निर्माणका लागि दुई करोड रुपैयाँ विनियोजन भएको जानकारी दिए ।
मन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई पुरस्कारको व्यवस्था गरिएअनुसार चार करोड ३५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताउँदै आगामी वर्षदेखि पदक जितेर आउने बित्तिकै खेलाडीलाई बैङ्कखातामा पुरस्कारको रकम उपलब्ध गराउने व्यवस्था मिलाइएको जानकारी दिए । उनका अनुसार ओलम्पिकमा सहभागी, एसियन खेलमा पदक विजेता, साग खेलकुदमा स्वर्ण पदक विजेता खेलाडी तीन सय ५७ जनालाई मासिक छ हजार रुपैयाँका दरले मासिक भत्ता प्रदान गर्न दुई करोड ३५ लाख रुपैयाँ व्यवस्था गरिएको छ । खेलकुदमन्त्री श्रेष्ठले विद्यालयस्तरमा खेलकुदको विकासका लागि प्रत्येक विद्यालयमा छुट्टै खेलकुद शिक्षक राख्ने प्रक्रिया अगाडि बढाइएको जनाउँदै यो प्रक्रिया पूरा हुन समय लाग्ने भएकाले हाललाई विद्यालयमा अध्यापनरत चार सय शिक्षकलाई १५ दिने खेलकुदको सीप विकास तालिम प्रदान गर्न एक करोड ४० लाख रुपैयाँ विनियोजन गरिएको उल्लेख गरे । उनले खेलकुद विश्वविद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन भइसकेकाले स्रोतको व्यवस्था हुनासाथ स्थापना कार्य अघि बढाइने जानकारी दिए । रासस

# कम्पोष्ट मलका लागि ढैंचाखेती

**जानकी ।**
बाँकेको खजुरा गाउँपालिका–७ सिमालघारीस्थित धनबहादुर योगीले कम्पोष्ट मलका लागि ढैँचाखेती गरेका छन् । हरियो मलका रुपमा प्रयोग हुने कम्पोष्ट मलका लागि उनले विगत पाँच वर्षदेखि एक बिगाहा जग्गामा ढैँचाखेती गर्दै आएका हुन् । ३५ देखि ४० दिनमा मलको रुपमा तयार हुने ढैँचाको बोटले माटोमा नाइट्रोजन स्थिरीकरण गर्नाका साथै प्राङ्गारिक पदार्थको मात्रा थप्ने हुँदा प्रत्येक वर्ष यो खेती गर्ने गरेको उनले बताए । ‘यो लगाएपछि डिएपी मल लगाउनु पर्दैन’, उनले भने, ‘वर्षामा किसानलाई चाहिने भनेकै युरिया र डिएपी हो तर यो बेलामा समयमै मल पाइँदैन । त्यसको साटो ढैँचाले काम गर्ने हुँदा मैले यही खेती
गर्ने गरेको छु ।’ एक कट्ठामा तीन किलो डिएपी मल प्रयोग हुने ठाउँमा ढैँचाको बीउ डेढदेखि दुई किलो भए पुग्ने धनबहादुर योगीले बताए । उनले यो वर्षदेखि ढैँचाको बीउको मूल्य बढेको जानकारी दिए । ‘अघिल्ला वर्षहरुमा ढैँचाको बीउ खरिद गर्दा मैले ६० देखि ७० रुपैयाँसम्म तिरेको थिएँ’, उनले भने, ‘यो वर्ष एक केजी ढैँचाको बीउको भाउ एक सय रुपैयाँ पुगेको छ ।’
धनबहादुर जस्तै सोही गाउँका गुमानसिंह गिरीले पनि चार वर्षदेखि १२ कट्ठा जग्गामा ढैँचाखेती गर्दै आएका छन् । ढैँचाखेती गर्न थालेदेखि धान उत्पादन बढेको गुमान सिंहको अनुभव छ । ‘धानको बीउका लागि यो असाध्यै राम्रो मल रहेछ’, उनले भने, ‘यस्को प्रयोग गर्न सुरु गरेदेखि धान बाली सप्रिएको त छँदैछ उब्जनी पनि बढेको छ ।’ ढैँचा कम्पोष्ट मल भएको हुनाले स्वास्थ्यका लागि फाइदाजनक मानिन्छ । धनबहादुर र गुमान सिंह जस्तै सोही गाउँका टेकबहादुर योगीले पनि आफ्नो १६ कट्ठा जग्गामा विगत छ वर्षदेखि ढैँचाखेती गर्दै आएका छन् । ढैँचाको प्रयोगले जग्गालाई उर्वर बनाउनुका साथै धान उत्पादन बढेको उनले बताए । सरकारद्वारा प्रदान गरिने रासायनिक मल समयमा नपाइने झन्झटले ढैँचाखेतीप्रति गाउँका किसानको आकर्षण बढेको छ । कृषि ज्ञान केन्द्र बाँकेका प्रमुख शकील अहमदले माटो सुधारका लागि ढैँचाखेती निकै प्रभाकारी भएको बताए । धान बालीलाई आवश्यक पर्ने कूल नाइट्रोजनको २५ प्रतिशत भाग ढैँचाखेतीबाट परिपूर्ति गर्ने हुँदा यसप्रति किसानको आकर्षण बढ्दै गएको उनको भनाइ छ । माटोको सन्तुलन बिगँ्रदै गइरहेको अवस्थामा ढैँचाखेती किसानका लागि फाइदाजनक भएकाले यस वर्ष केन्द्रले पाँच क्विन्टल ढैँचाको मल वितरण गरेको प्रमुख अहमदले जानकारी दिए ।
नेपालमा पाइने ढैँचाका जातहरु सेस्बानिया रोस्ट्राटा र सेस्बानिया क्यानाविना छन् । यस्लाई धान रोप्नु भन्दा ४५ दिनअगाडि ४० केजी प्रतिहेक्टर वा प्रति रोपनी दुई केजीका दरले खेत खनजोत गरी छर्नु पर्दछ । यीमध्ये सेस्बानिया रोस्ट्राटामा काण्ड र जरा दुवैमा वायुमण्डलीय नाइट्रोजन सोसेर लिन सक्ने ‘राइजोबियम ब्याक्टेरिया’ भएको गिर्खाहरु हुन्छन् । जस्ले नाइट्रोजन स्थिरीकरणको मात्रा बढाउँछ । ढैँचा लगाएको छ देखि सात हप्ता (फूल फल्ने अवस्था) पछि खेतमा पानी राखी बोटलाई जोत्न सजिलो हुनेगरी काट्ने र जोतेर माटोमुनि पारेर दबाएर राख्नुपर्दछ । यसरी सडाएर राखेको हरियो मल ढैँचाले ८० देखि एक सय ५० केजी नाइट्रोजन प्रतिहेक्टर स्थिरीकरण गर्न सक्ने विज्ञहरुको भनाइ छ । रासस

# चट्टान आरोहणको केन्द्र बन्दै चुनपहरा

**डुम्रे ।**
पृथ्वी राजमार्गअन्तर्गत तनहुँको बन्दीपुर गाउँपालिका–४ विमलनगरस्थित चुनपहरा चट्टान आरोहणको केन्द्रका रुपमा विकास हुँदै गएको छ । यहाँ पर्वतीय पथ प्रदर्शक उत्पादन गर्ने उद्देश्यले विभिन्न सङ्घसंस्थाबाट तालिम लिइरहेका प्रशिक्षार्थीलाई चट्टान आरोहण गराउने गरिन्छ । प्रमाणित पर्वतीय पथप्रदर्शक उत्पादनका लागि यहाँ राष्ट्रियस्तरको ‘सर्टिफाइड कम्पोनेन्ट–२’ अन्तर्गतको तालिममा सहभागीलाई प्रशिक्षण दिइरहेको प्रशिक्षक लामबाबु शेर्पाले जानकारी दिए । उनका अनुसार चरणबद्ध रुपमा दिइने तालिममध्ये चट्टान आरोहणको पथप्रदर्शक (गाइड) बन्न उक्त तालिम प्रमाणित गरिएको छ । शेर्पाले भने, ‘शरीरको सहनशीलतालाई विकास गर्न यहाँको हावापानी उपयुक्त रहेकाले प्रशिक्षण गराउन ल्याउने गरेका छौँ । यसपछि ‘आइस क्लाइम्बिङ’ गराएर मात्रै तालिम प्राप्त पथप्रदर्शक बनेको भनेर प्रमाणपत्र दिने गरिन्छ ।’ पन्ध्र प्रशिक्षार्थीलाई चट्टान आरोहण तालिम दिइरहेको उनले जानकारी दिए । गाइडले मौसमको आभास



गर्नुपर्ने भएकाले सिद्धगुफाको चट्टान उपयुक्त रहेको प्रशिक्षक शेर्पाले बताए । उनले भने, ‘दक्ष गाइड उत्पादनका लागि उनीहरुले मौसमको अनुभव गर्नुपर्ने हुन्छ । कहिले चिसो त कहिले तातो मौसमको सामना गर्न सक्ने गरी तालिम प्रदान गर्दा यहाँको मौसमका साथै ठाउँ पनि उपयुक्त छ । यसले गर्दा प्रशिक्षणका लागि यहाँ ल्याउने गरेका छौँ ।’ विदेशबाट नेपालका हिमाल आरोहणका लागि आउने गरेका पर्यठकका लागि सहज रुपमा सुरक्षित पथप्रर्दशन गर्न सक्ने गरी कम्पनीले गाइड उत्पादन गरिरहेको शेर्पाले बताए । उनका अनुसार माउन्टेन गाइडका लागि चट्टान आरोहण प्रशिक्षणका साथै आइस क्लाइम्बिङ (पहिलो चरण)को तालिम प्रदान गरिसकिएको छ । चट्टान, ग्लेसियर, पिक क्लाइम्बिङ गर्न दक्ष भएपछि मात्रै पूर्ण रुपमा २० दिनको प्रयोगात्मक परिक्षण सकिएपछि दक्ष गाइडको प्रमाणपत्र प्रदान गरिने जनाउँदै प्रमाणपत्र प्राप्त गरेकाले गाइडका रुपमा काम गर्न सक्ने शेर्पाको भनाइ छ । मौसम, जोखिम अनुसारको सुरक्षित गाइड गर्न सक्ने गरी पर्वतीय गाइड उत्पादन हुने गर्दछ । काभ्रेपलाञ्चोककी लक्ष्मी तामाङ ‘कम्पोनेन्ट–२’ अन्तरगत ‘एस्पेरेन्ट गाइड’को तालिम लिइरहेको बताए । देशैभरमा दक्ष तथा अनुभवी महिला गाइड संख्यात्मक रुपमा कम रहेकाले आफूले उक्त तालिम लिएको उनको भनाइ छ । तामाङले भने, ‘यहाँको चट्टान आरोहण गर्दा अझै सहज हुने अपेक्षा गरेको छु । तालिमका लागि यहाँको चट्टान आरोहण उपयुक्त र सजिलो छ । साहसिक काम गर्दा अन्य महिलालाई पनि प्रोत्साहन गर्न सकिने अपेक्षा छ ।’ पृथ्वी राजमार्गसँगै जोडिएको यो ठाउँमा विदेशी तथा स्वादेशी साहसिक खेलाडी समयसमयमा चट्टान आरोहणका लागि आउने गरेका छन् । हालसम्म कम्पनीले करिब एक सय भन्दबढी दक्ष तथा अनुभवी गाइड उत्पादन गरिसकेको जनाएको छ । साहसिक खेलको प्रशिक्षणको केन्द्र बन्दै गएको विमलनगर चुनपहरा रक क्लाइम्बिङका संस्थापक अध्यक्ष लालकुमार श्रेष्ठले बताए । साहसिक खेलका रुपमा रहेको रक क्लाइम्बिङको विकास गर्दै आयआर्जनसँग जोड्न लागिपरेको उनको भनाइ छ । विसं २०६४ मा नेपालका अन्तर्राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक र स्थानीयवासी मिलेर सो क्षेत्रको सुरुआती अन्वेषण गरेपछि क्रमबद्ध रुपमा यहाँ सम्बन्धित सङ्घसंस्था तथा निकायले चट्टान आरोहणको गतिविधि बढ्उँदै गएका संस्थापक अध्यक्ष श्रेष्ठले बताए । उनका अनुसार पथप्रदर्शक मात्रै नभएर हिमाल आरोहणका लागि पनि पहिलो खुड्किलाका रुपमा प्रशिक्षण लिन यहाँ आउने गर्दछन् । ‘केही दिनको चट्टान आरोहणपश्चात् हिमाल आरोहणमा जाने गरेका छन् । यहाँ चट्टान आरोहणको गतिविधि बिस्तारै बाक्लो बन्दै गएको छ । यसले यहाँको साहसिक पर्यटनको प्रवद्र्धनमा समेत टेवा पुगेको छ’, अध्यक्ष श्रेष्ठले भने । यसको प्रचारप्रसार गरी पर्यटकीय गन्तव्यका रुपमा विकास गरी आयआर्जनसँग जोड्न तीनै तहका सरकारले पहल गर्नुपर्नेमा उनले जोड दिए । रासस

# खानेपानी सुविधाले ल्याएको खुसी

**फिक्कल ।**
इलामको माङसेबुङ गाउँपालिका–६ की कमलकुमारी राईले एक ग्रागी पानी भर्न घण्टौं कुर्नुपथ्र्यो । उनले मात्रै होइन, माङसेबुङ गाउँपालिका–६ का बासिन्दाले वर्षौंदेखि खानेपानीको समस्या भोग्दै आएका थिए । अहिले भने खानेपानीको समस्या छैन । प्रदेश सरकारको लगानीमा माङसेबुङ बृहत् खानेपानी आयोजना निर्माण भएपछि आफूहरु उत्साहित भएको कमलकुमारी राईले बताए । फाकफोकथुम गाउँपालिका–७ एकतप्पाका सुमन दियाली वर्षायाममा बाढी आउँदा धमिलो पानी पिउन बाध्य हुनुपरेको तीतो विगत सम्झन चाहनन् । अहिले घरघरमा स्वच्छ खानेपानीको पहँुच पु¥याइदिएको प्रदेश सरकारप्रति उनी आभारी छन् । खानेपानी आयोजनाले स्थानीयको दैनिकीमा नै सहज बनाइदिएको छ । ‘खानेपानी आयोजना सञ्चालन भएपछि सबैभन्दा बढी गृहिणी महिलालाई राहत मिलेको छ’, उनले सुनाइन । कोशी प्रदेश सरकारले चालु आर्थिक वर्षमा इलाममा मात्र खानेपानीमा ११ करोड ८० लाख ४० हजार रुपैयाँ लगानी गरेको छ । प्रदेश सरकारले खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय झापामार्फत इलाममा एक सय ३० वटा सानाठूला खानेपानी आयोजना सञ्चालन भइरहेको डिभिजन प्रमुख विकास काफ्लेले जानकारी दिए । कार्यालयका अनुसार ५७ वटा नयाँ योजना सुरु भएका छन् भने ७५ वटा पुराना योजनालाई मर्मतसम्भार तथा पुनःनिर्माण गरिएका छन् ।
यस वर्ष प्रदेश सरकारले चार करोड ७० लाख रुपैयाँको लागतमा ५७ वटा नयाँ योजना अघि बढाएको छ भने सात करोड १० लाख ४० हजार रुपैयाँको लागतमा ७५ वटा पुराना योजना मर्मतसम्भार तथा पुनःनिर्माण गरिरहेको छ । डिभिजन प्रमुख काफ्लेका अनुसार प्रदेश सरकारको लगानीमा चालु रहेका आयोजना सम्पन्न भएपछि इलामको २१ हजार एक सय ७५ परिवारका एक लाख पाँच हजार आठ सय ५५ जना जनतामा स्वच्छ खानेपानीको पहुँच पुग्नेछ । यसमध्ये नयाँ योजनाबाट छ हजार २८ घरधुरीका ३० हजार एक सय ४० जना र पुराना योजनाबाट १५ हजार एक सय ४७ घरधुरीका ७५ हजार सात सय १५ जना इलामवासी जनतामा स्वच्छ खानेपानीको पहुँच पुग्ने डिभिजन कार्यालयले जनाएको छ । जिल्लाका शतप्रतिशत जनतामा खानेपानी पु¥याउने गरी काम भइरहेको बताइएको छ । प्रदेश सरकारले एकै वर्षमा खानेपानी आयोजनामा करोडौँको लगानी गरेपछि इलामवासी हर्षित भएका छन् । प्रदेश सरकारले खानेपानी आयोजनाको क्षेत्रमा गरेको लगानीले वास्तविक सङ्घीयताको आभास दिलाएको माङसेबुङ



गाउँपालिका–२ इभाङका सामाजिक अभियन्ता डम्बर लोरिन्देनको बुझाइ छ । ‘खानेपानी क्षेत्रमा प्रदेश सरकारको लगानी हेर्दा विगतमा बिसौँ वर्षसम्म खानेपानी नपाएका क्षेत्रका नागरिकसम्म प्रदेश सरकार पुग्न सफल भएको देखिन्छ’, लोरिन्देनले भने । माङसेबुङ गाउँपालिका–२ इभाङका सुमन खनाल प्रदेश सरकारले पछिल्लो समयमा खानेपानीको क्षेत्रमा गरेको लगानीले जिल्लावासी नागरिकलाई आशावादी बनाएको बताउँछन् । ‘पछिल्लो समय प्रादेशिक संरचनामाथि नै केहिले प्रश्न उठाउन थालेको समयमा प्रदेश सरकारको यो लगानी विश्लेषण गर्दा प्रंसशनीय छ’, खनालले भने । प्रदेश सरकारले पाँच लाखदेखि ३३ लाख ८० हजार रुपैयाँसम्मका खानेपानी योजना सञ्चालन गरेको छ । तीमध्ये ६४ वटा योजना पाँच लाखका र ६६ वटा योजना पाँच लाखदेखि ३३ लाख ८० हजार रुपैयाँसम्मको लगानीका छन् । प्रदेश सरकारले रोङ गाउँपालिका–२ बदामटारस्थित बदमटार खानेपानी योजनाबाट (सलकपुर खानेपानी योजना) दुई सय घरका एक हजारजना प्रत्यक्ष लाभान्वित हुँदैछन् । चुलाचुली गाउँपालिकास्थित शिखरकटेरी खानेपानी योजना, माई नगरपालिका–५ स्थित बगैँचे डङडङे खानेपानी योजना र इलाम नगरपालिकास्थित माईखोला खानेपानी तथा सरसफाइ योजनालाई पनि अगाडि बढाएको छ । प्रदेश सरकारले इलाममा २० लाख रुपैयाँका नौ योजना सञ्चालन गरेको छ । जिल्लाको सन्दकपुर गाउँपालिकास्थित माईपोखरी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित फिक्कल कन्याम खानेपानी आयोजना र खानीखोला सिम्ले सहकाले टोल खानेपानी आयोजना, माङसेबुङ गाउँपालिकास्थित खलङ्गे खानेपानी निर्माण उत्तरे माल्टेनी मुहान र भुतेखोला खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित अम्बके बहुवन खानेपानी आयोजना, इलाम नगरपालिकास्थित अँधेरी नारायणचोक छौडे सतुवाबेँसी खानेपानी योजना, माई नगरपालिकास्थित पाल्टार खानेपानी (भूमिगत) आयोजना र राँगापानी खानेपानी आयोजनालाई २०÷२० लाख रुपैयाँ लगानी गरेको छ । त्यसैगरी माङसेबङ गाउँपालिकास्थित चित्रेखोला लिफ्टिङ खानेपानी निर्माणमा १७ लाख ५० हजार रुपैयाँ र रोङ गाउँपालिकास्थित सिद्धि सलकपुर खानेपानी आयोजनामा १७ लाख रुपैयाँ विनियोजन भई काम भइरहरेका छन् । माईजोगमाई गाउँपालिकास्थित नयाँबजार बृहत् खानेपानी आयोजना, रातेखोला खानेपानी आयोजना र गङ्गडाँडा खानेपानी आयोजना, माई नगरपालिकास्थित रातमाटे खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित राई टोल र सिरानतला दुईवटा क्षेत्रमा खानेपानी आयोजना, माई नगरपालिकास्थित आरुपानी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित टुनीगौरी डाँडागाउँ खानेपानी आयोजना र सन्दकपुर गाउँपालिकास्थित भैरमबारी खानेपानी आयोजनाको पनि काम भइरहेको छ । त्यस्तै, रोङ गाउँपालिकास्थित टिमाई खोला छावा खोल्सी खानेपानी आयोजना, इलाम नगरपालिकास्थित माईखोला खानेपानी आयोजना, बरबोटे खानेपानी आयोजना र चुलाचुली गाउँपालिकास्थित सार्कीटार सुपारीबोटे र सिम्बले तीनवटै क्षेत्रमा खानेपानी आयोजना अन्तिम चरणमा पुगेको डिभिजन कार्यालयले जनाएको छ । भुतेखोला खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित कमेरे जरिङ्गे खाम्बाङ तल्लोबोहोरे गाउँ खानेपानी आयोजना, बुलुङखोला धावा खानेपानी आयोजना र चुलाचुली गाउँपालिकास्थित खावान खोला बृहत् खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित सिद्धिगाउँ तथा श्रीअन्तु खानेपानी आयोजना र जोगीधारा खानेपानी आयोजना, माई नगरपालिकास्थित आङबु बर्दुवा खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित सुलसुले खानेपानी आयोजनाको लागि पनि बजेट विनियोजन गरिएको छ । त्यस्तै, इलाम नगरपालिकास्थित सुन्दरबेँसी र लेबक खानेपानी आयोजना र खर्बन खानेपानी आयोजना निर्माण भइरहेको छ । नगरपालिकास्थित बरबोटे खानेपानी योजना, देवीथान मुहान भञ्ज्याङ न्युरेनी खानेपानी आयोजना, सुम्बेक चोक खानेपानी आयोजना, मलातेनी (सुलुबुङ सन्दकपुर) खानेपानी आयोजना र माईखोला नर्कटे खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित तोरीबारी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित भित्री लिफ्टिङ खानेपानी आयोजना र छिपछिपे खानेपानी आयोजना, फाकफोकथुम गाउँपालिकास्थित खत्रीगाउँ खानेपानी आयोजना, माईजोगमाई गाउँपालिकास्थित पधैँरी खानेपानी आयोजना र माई नगरपालिकास्थित कालीखोला खानेपानी आयोजना अघि बढाइएको छ । इलाम नगरपालिकास्थित तल्लो गोदक खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित पशुपतिनगर खानेपानी आयोजना र देउमाई नगरपालिकास्थित मगरगाउँ खानेपानी आयोजना, चुलाचुली गाउँपालिकास्थित साकफारा खानेपानी आयोजना, माईजोगमाई गाउँपालिकास्थित तुम्लिङ गुराँसे खानापानी आयोजना एवं माङसेबुङ गाउँपालिकास्थित माङसेबुङ खानेपानी आयोजना, सङलुमङ्गलु साँगुरी खानेपानी आयोजना, सूर्योदय नगरपालिकास्थित तारगाउँ बोरिङ खानेपानी आयोजना, देउमाई नगरपालिकास्थित माथिल्लो डाँडा चाँपगैरी अजम्बरे चुली सिद्धिथुम्का खानेपानी आयोजना र रोङ गाउँपालिकास्थित गोरेनी खोल्सा खानेपानी आयोजना मर्मतसम्भार तथा पुनःनिर्माणको पनि काम भइरहेको छ । त्यसैगरी, सूर्योदय नगरपालिकास्थित पशुपतिनगर बजार रुङसुङ्ग बृहत् खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित सिम्ले बाघखोर कोल्बुङ खानेपानी आयोजना र फाकफोकथुम गाउँपालिकास्थित एकतप्पा खानेपानी आयोजनामा सात÷सात लाख रुपैयाँ, सूर्योदय नगरपालिकास्थित पाख्रिनगाउँ खानेपानी आयोजना, धर्जे मकरजुङ खानेपानी आयोजना, रोङ गाउँपालिकास्थित गोयाङखोला–भुत्तेखोला–एकराते
खानेपानी आयोजना र माईजोगमाई गाउँपालिकास्थित प्रेमेजोङ बृहत् खानेपानी आयोजनाको मर्मतसम्भार भइरहेको छ । प्रदेश सरकारले इलामका विभिन्न पालिकामा ६४ वटा खानेपानी आयोजनामा पाँच लाख रुपैयाँका दरले रकम विनियोजन गरी नयाँ निर्माण तथा मर्मतसम्भारको काम तीव्र बनाएको डिभिजन कार्यालयले जनाएको छ । तीमध्ये ३७ वटा खानेपानी आयोजनाहरु नयाँ निर्माण र २७ वटा पुराना खानेपानी आयोजनाको मर्मतसम्भार भएको डिभिजन कार्यालयले जनाएको छ । तीमध्ये कतिपयको सम्पन्न भइसकेका छन् भने कतिपय अन्तिम चरणमा पुगेको डिभिजन कार्यालय प्रमुख काफ्लेले बताए । रासस

# पदमार्ग निर्माणसँगै झरनामा घुइँचो

**थानापति ।**
गोठाला र घाँसीहरूले गीत गाउँदै हिँड्ने छहरेको वन र झरनामा जान पहिला–पहिला निकै कठिन हुन्थ्यो । घारीको बाटोमा काँढा बिझ्ने, जुका लाग्ने र खोल्सीहरूमा फसिने जोखिम हुन्थ्यो । भिरबाट लडिने डरले मानिस गोठालो–घाँस–दाउरा र पानी लगाउन जाँदा एक्लै हिँड्दैनथेँ । अहिले पदमार्ग बनेपछि छहरे खोलामा बग्ने लौका आकारको सुन्दर झरनासम्म पुग्न ज्येष्ठ नागरिक र बालबालिकलाई पनि सहजता मिलेको छ । साथै यहाँ आन्तरिक पर्यटकको घुइँचो लाग्न थालेको छ । काठमाडौँ, विदुर वा अन्य सहरका उकुसमुकुसलाई मेटाउने नजिकको सुन्दर प्राकृतिक गन्तव्यस्थलमा पूर्वाधार विकास भएपछि आक्कलझुक्कल गाउँ बस्ने र अरु बेला सहर बस्ने स्थानीयवासी पनि झरनाको सौन्दर्य र विकासको नयाँ उपक्रमलाई नजिकबाट नियाल्न झर्नामा पुग्न थालेका छन् । गाउँलेहरूको त्यो उत्साह शनिबारको पदमार्ग उद्घाटनको कार्यक्रममा देखिएको थियो । खेतीपातीका काम छाडेर स्थानीयवासी आफ्नै जीवनकालमा त्यो भिरपाखामा देखिएको आधुनिक विकासको निर्माता र साक्षी हुन पाएका छन् । त्यसैले होला, उनीहरु असारे पानीको पर्वाह नगरी झरना क्षेत्रमा जम्मा भएका देखिन्थे । नव प्रशिक्षित महिला बाजा समूहको पञ्चेबाजाको प्रस्तुतिले वारिपारि डाँडाकाँडा गुञ्जयमन त भएकै थियो । झरना र दहमा पुग्नेहरुले सुसेलीका भाका पनि हाल्न भ्याएका थिए । ‘त्यस्तो भिरमा के लगानी गरेका होलान् ?’ शिवपुरी गाउँपालिका–८ को माथिल्लो ढोडिनीबाट सानो छहरे र ठूलो छहरे (लौके) झरनासम्मको पदमार्ग निर्माणका लागि बजेट विनियोजन गर्दा नुवाकोटको जनप्रतिनिधिमाथि यस्ता प्रश्न नआएका होइनन् । गाउँपालिकाको कटिबद्धता, विभिन्न निकायको सहयोग र जनश्रमदानका कारण छोटो अवधिमै पदमार्गमा ढलान र आवश्यक सिँढीहरू निर्माण सम्पन्न भई यात्रीका लागि विश्रामस्थल पनि बनेपछि त्यस्ता प्रश्न आफैँ फिक्का सावित भएका छन् । शिवपुरी गाउँपालिको वडा नं ८ र ककनी गाउँपालिकाको वडा नं ५ को सिमानामा पर्ने ठूलो छहरे (लौके) झरना जान अहिले काठमाडौँ–टोखा छहरे सडकबाट निकै सहज भएको छ । काठमाडौँ–टोखा छहरे सडकको स्तरोन्नति र कालोपत्रपछि काठमाडौँ–विदुर र अन्य स्थानबाट उक्त सडक प्रयोगको क्रम बढेको छ । यस पर्यटकीयस्थलमा पूर्वाधार विकासपछि आन्तरिक र बाह्य पर्यटक वृद्धि हुने ठानिएको छ । वन र भिरको बीच भागमा रहेको सानो छहरे र ठूलो छहरे झरनामा करिब १० वर्षअघि नेपाल क्यानोनिङ सङ्घबाट क्यानेनिङ सञ्चालन गरिएपछि यसको पर्यटकीय पहिचान उजागर भएको थियो । अहिले पदमार्ग र विश्रामस्थलको निर्माणले झरनाप्रति थप आकर्षण बढेको छ । नवनिर्मित पदमार्ग र विश्रामस्थलको गाउँपालिकाका अध्यक्ष गोविन्द थपलियाले शनिबार उद्घाटन गरिरहँदा स्थानीय र आन्तरिक पर्यटकको एक प्रकारले लर्कोे लागेको थियो । सोही क्रममा ‘छहरे झरना पर्या–पर्यटन प्रवद्र्धन संस्था’को पनि उद्घाटन भएकाले यसप्रति स्थानीयवासीको चासो बढेको छ । काठमाडौँबाट माथिल्लो ढोडिनीसमको सडकमार्गको दूरी २९ किलोमिटर रहेको छ भने टोखा छहरे सडकबाट घट्टेखोलाबाट सानीपिपल हुँदै तीन किलोमिटर सडकबाट ढोडिनी पुग्न सकिन्छ । अहिले ढोलिनीसम्म चारपाङ्ग्रे सवारीसाधन पुग्ने बाटो बनिसकेको छ । ढोडिनीबाट झरनासम्म आठ सय मिटर पदमार्ग निर्माण गरिएको हो । ‘शिवपुरी विकास र समृद्धिको आधारः शिक्षा,, कृति, पर्यटन र पूर्वाधार’को नाराका साथ कार्यरत गाउँपालिकाका अध्यक्ष थपलिया कृषि पर्यटनको विकास कसरी गर्ने भन्ने विषयमा आफूहरूले योजनाबद्ध रूपमा काम गरिरहेकाले छहरे झरना क्षेत्रमा थालनी भएको पूर्वाधार विकासलाई त्यही रूपमा बुझ्न आग्रह गरे ।
उनले झरनामा पर्यटक आउन थालेपछि स्थानीय रूपमा घरबासलगायत अन्य व्यवसाय सञ्चालन आउने र स्थानीय उत्पादनले बजार पनि पाउने भएकाले अनेक दुःखकष्ट सहेर पनि स्थानीयवासीको समृद्धिको चाहनालाई पूरा गर्न लागि पर्ने अठोट व्यक्त गरे । सोही गाउँपालिकाका उपाध्यक्ष वीरबहादुर तामाङले शिवपुरीको समृद्धिको एउटा आधार पर्यटन हो भन्ने पहिचान गरेर आफूहरूले पूर्वाधार विकासको काम आरम्भ गरेको बताए । गाउँपालिकाका वडा नं ८ का अध्यक्ष केशव रिजालले आगामी दिनमा ठूलो छहरे झरनामा ककनी जोड्ने झोलुङ्ग्े पुल निर्माण गर्ने, सो स्थानमा सेल्फी खिच्न मिल्ने ‘स्ट्याण्ड’ बनाउनेलगायत योजना रहेको सुनाए । उनका अनुसार पदमार्ग र विश्रामस्थल निर्माणका लागि गाउँपालिकाको पाँच लाख रुपैयाँ, वडाको दुई लाख रुपैयाँ, नेपाल पर्यटन बोर्डको १७ लाख रुपैयाँ र प्रधानमन्त्री स्वरोजगार कोषको आठ लाख रुपैयाँ गरी करिब ३० लाख रुपैयाँ लागत रहेको छ । छहरे झरना पर्या–पर्यटन प्रवद्र्धन संस्थाका अध्यक्ष गोपाल सिलवाल गाउँपालिकाको नेतृत्व र स्थानीयवासीको श्रमदानबाट झरनासम्मका लागि पदमार्ग र विश्रामस्थल बनेकाले अब आन्तरिक र बाह्य पर्यटक नियमित भित्र्याउन घरबास र रिसोर्ट सञ्चालनको योजना अघि बढाइने बताउँछन् । स्थानीय राजनीतिकर्मी राजेन्द्र वलीले पर्यटन पूर्वाधारको विकासमा सबैको साथ रहने बताउँदै लौके झरनामा स्वदेशी र विदेशी पर्यटक ल्याउन लागिपर्ने जनाए । उक्त झरनामा क्यानोनिङको थालनीमा भूमिका निर्वाह गर्ने स्थानीयवासी हरि सिलवालले क्यानेनिङ महोत्सवलाई निरन्तरता दिन सकिए आन्तरिक र बाह्य पर्यटक स्वतः बढ्ने बताउँछन् । नुवाकोटको दक्षिण पूर्वी भागमा अवस्थित शिवपुरी गाउँपालिका साविकका तलाखु, छाप, लिखु, सिक्रे महाकाली, समुन्द्रादेवी, सुनखानी र थानापती गाविस समावेश गरी बनेको हो । समुद्री सतहको छ सय २९ मिटरदेखि दुई हजार पाँच सय २० मिटरको उचाइमा रहेको गाउँपालिकाको केन्द्र सेराबगर जिल्ला सदरमुकाम विदुरबाट ३० किलोमिटर र सङ्घीय राजधानी काठमाडौँबाट ४० किलोमिटर सडकको दूरीमा रहेको छ । विदुर र काठमाडौँको करिब मध्यदूरीमा पर्ने भएकाले पनि छहरे (लौके) झरना पर्यटकीय प्रचुर सम्भावनाको बोकेको स्थल हुन पुगेको छ । परापूर्वकालमा भगवान् शिवले क्रिडा गरेका मानिएको यस भूमिमा शिवको आराधना र तपस्याका लागि ऋषि, महर्षि र तपस्वी आउने गरेका जनविश्वास छ । शिवको बसोबास ठानिएको यो धार्मिक महत्वको क्षेत्रलाई शिवपुरी भनिने गरिएको छ । यो गाउँपालिका शिवपुरी राष्ट्रिय निकुञ्जसँग पनि जोडिएको छ । रासस

# प्याकुरेलद्वारा राजदूत पद अस्वीकार

**मधेशदृष्टि**
**वीरगंज ।**
सुशील प्याकुरेलले दक्षिण कोरियाका लागि राजदूतका रुपमा जान अस्वीकार गरेका छन् । आइतबार एक विज्ञप्ति निकाल्दै उनले यही शुक्रबार मन्त्रिपरिषद् बैठकबाट आफूलाई राजदूतका रुपमा पठाउने निर्णयको सम्मान गर्ने तर उक्त जिम्मेवारी सम्हाल्न नसक्ने जनाएका छन् । उनले वर्तमान सरकारले आफूमाथि गरेको विश्वासका लागि आभार प्रकट गरेका छन् । 'सरकारको यो निर्णय मैले गैर सरकारी संस्थाहरूको अभियान, यस अघिका सरकारद्वारा विश्वासका साथ सुम्पिएको जिम्मेवारीहरू निर्वाह गरेको परिणामका रुपमा ग्रहण गरेको छु', उनले भनेका छन्, 'तर यसका साथै यो विषयमा मेरो धारणा सार्वजनिक गर्ने पर्ने आवश्यकता देखेकोले यो प्रेस विज्ञप्ति जारी गर्दैछु ।'

प्याकुरेलले राजदूत नियुक्तिसम्बन्धी विगतमा सरकारले तय गरेको मापदण्ड र संसदीय सुनुवाइको औचित्य र राजदूतको कार्यकालका विषयमासमेत गम्भीर विमर्श आवश्यक देखेको बताएका छन् । सरकार फेरिएलगत्तै राजदूत फर्काउने निर्णयमा पनि उनले प्रश्न उठाएका छन् । 'आजै प्रधानमन्त्रीज्यूलाई सरकारले मप्रति देखाएको विश्वासका लागि धन्यवाद ज्ञापन गर्दै दक्षिण कोरियाको राजदूत पदका लागि गरिएको सिफारिश फिर्ता लिइदिनुहुन विनम्र अनुरोधसहित लेखेको पत्र प्रधानमन्त्री कार्यालयमा दर्ता गराइसकेको छु', उनले भनेका छन्, 'यसबीचमा मलाई बधाई, शुभकामना दिँदै मप्रति सद्भाव प्रकट गर्नु हुने सबैमा धन्यवाद ज्ञापन गर्दछु ।' प्याकुरेलले आफूलाई दक्षिण कोरियाको राजदूत पदमा सिफारिस गर्नुअघि परराष्ट्र मन्त्रालय वा मन्त्रिपरिषद् कतैबाट सम्पर्क वा कुनै किसिमको संकेकेतसम्म नदिइएको बताएका छन् । 'राजदूत जस्तो जिम्मेवारी प्रदान गर्नु अघि सम्बन्धित व्यक्तिको पृष्ठभूमि कार्यदक्षता रुचि कूटनीतिको विषय र सम्बन्धित मुलुकको राजनीतिक,आर्थिक सामाजिक स्थिति सम्बन्धी ज्ञानको विषयमा पूर्व विमर्श नगर्ने सरकारको प्रचलनबाट म आश्चर्यचकित छु', उनले भनेका छन् ।

# राजस्व अभिबृद्धिका लागि अवैध व्यापार नियन्त्रण गरिन्छः धौवजी




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज उद्योग वाणिज्य संघका पदाधिकारी, कार्यसमिती सदस्यहरु र मधेश प्रदेशका सशस्त्र प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीबीच भेटघाट कार्यक्रम सम्पन्न भएको छ । संघले आयोजना गरेको भेटघाट कार्यक्रममा संघका अध्यक्ष अनिल कुमार अग्रवालले हाल कायम रहेको शान्ति सुव्यवस्थालाई स्थायित्वको लागि आग्रह गरे । त्यस्तै उनले औद्योगिक कोरिडोरको सुरक्षाको लागि औद्योगिक सुरक्षा बल पुनः स्थापना गर्नुपर्ने, औद्योगिक कोरिडोरको लागि केमिकलयुक्त वारुणयन्त्रको व्यवस्था गर्नुपर्ने लगायतका सुझाव दिए । अध्यक्ष अग्रवालले वीरगंज उद्योग वाणिज्य संघ सदैव वैद्य व्यापारको प्रवद्र्धन र अवैद्य व्यापार निरुतसाहीत हुनुपर्ने संस्थागत मान्यता राख्दै आईरहेको बताए । उनले पछिल्लो समयमा अन्तरसरकारी निकायहरुबीच समन्वयको अभावका कारण नीति क्षेत्रले समस्या बेहोर्नु परिरहेको धारणा राख्दै सशस्त्र प्रहरी र अन्य नियामक निकायबीच आपसी सहकार्य र समन्वय हुनु पर्नेमा जोड दिए । भेटघाट कार्यक्रममा प्रहरी नायब महानिरीक्षक कालीदास धौवजीले आफुले कार्यभार सम्हालेको एक साता मात्र भएको बताउँदै सीमा क्षेत्रलाई व्यवस्थित र अवैद्य व्यापार नियन्त्रणमा सशस्त्र प्रहरीको भुमिका आफै प्रभावकारी बनाउने तर्फ आफ्नो पहल हुने बिचार राखेका थिए । उनले धेरैजसो बिषयहरु नीतिगत रुपमा परिमार्जन र संशोधन गर्नु पर्ने आवश्यकता रहेको भएता पनि दैनिक कार्य सम्पादनलाई नागरिक मैत्री बनाउन सशस्त्र प्रहरीले आफ्नो भुमिका खर्चिने कुरामा जोड दिएका थिए । प्रहरी नायब महानिरीक्षक धौवजीले सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइने, राजश्व अभिबृद्धिका लागि अवैद्य व्यापार नियन्त्रण गर्ने लगायतका बिषयहरु हाम्रो प्राथमिकतामा रहेको कुरा बताउँदै वीरगंज उद्योग वाणिज्य संघसँग निरन्तर सम्वाद र छलफल गरिरहने बताए । संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रममा संघका उपाध्यक्षद्वय माधव राजपाल र मनोजकुमार दास, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, कोषाध्यक्ष शिवजी प्रसाद कलवार, सचिव प्रेमचन्द्र गोयल, सह–कोषाध्यक्ष अनोज रुँगटा लगायत संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु उपस्थिति रहेको थियो ।

# सीआईबीको प्रहरी बनेर लुटपाट ४ जनाविरुद्ध मुद्दा दर्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
सीआईबीको प्रहरी भन्दै कपनमा करिब १० लाख रुपैयाँ लुटपाट गरेको आरोपमा चार जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ । लुटपाटमा संलग्न रहेको आरोपमा पक्राउ परेका चार जनाविरुद्ध आइतबार काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको हो । सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका–३ का ४८ वर्षीय भाग्यराम पाइन, बाह्रबिसे–३ कै २६ वर्षीय लिलाबहादुर तामाङ, बाह्रबिसे–३ कै २५ वर्षीय च्याङ्बा र हर्के भनिने लोकबहादुर पाख्रिन र बाह्रबिसे–४ का २५ वर्षीय इनकुमार पाख्रिनविरुद्ध मुद्दा चलाइएको हो । यसअघि १७ जेठमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले भाग्यरामलाई पक्राउ गरेको थियो । बाँकी ३ जना अझैसम्म फरार रहेकाले उनीहरुलाई फरार प्रतिवादी बनाउँदै मुद्दा दायर गरिएको हो । चारैजनालाई डाँका चोरीको कसुरमा मुद्दा दायर गरिएको छ । पक्राउ परेका पाइन यसअघि २९ मंसिर २०७० मा ज्यान मार्ने उद्योगको कसुरमा पक्राउ परी ४ वर्ष जेल बसेर छुटेका



व्यक्ति हुन् । फरार रहेका अर्का प्रतिवादी लोकबहादुर पनि चोरी मुद्दामा यसअघि दोषी ठहर भएका व्यक्ति रहेको खुलेको छ । २६ असार २०८० मा ललितपुर जिल्ला अदालतले उनीविरुद्ध १ वर्ष ४ महिना कैद र २० हजार जरिवानाको फैसला सुनाएको थियो ।
उनीहरुले १३ जेठमा कपनमा सोहिल बाह्रबिसे सुनचाँदी पसल सञ्चालन गरेर बसेका जयविक्रम विकको सुनका गरगहना र नगद गरेर ९ लाख ९२ हजार ६३२ रुपैयाँ बराबरीको लुटपाट गरेको आरोप छ । लुटपाट गर्नुअघि गिरोहका एक सदस्यले विकलाई फोन गर्दै सापटी पैसा मागेका थिए । लगत्तै ६ जनाको समूह उनको कोठामा गएको थियो । त्यसपछि विकलाई आफूहरू सीआईबीको प्रहरी भएको बताउँदै चोरीको सुन किन्ने गरेको भन्दै पसल खोल्न लगाएर लुटपाट गरिएको थियो ।

# विदेशीको विरोधले हेटौंडा कपडा उद्योग सञ्चालनको योजना रोकियोः रक्षामन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
रक्षामन्त्री हरिप्रसाद उप्रेतीले विदेशीको विरोधले नेपाली सेनाले हेटौंडा कपडा उद्योग चलाउने योजना रोकिएको बताएका छन् । आइतबार प्रतिनिधि सभाको बैठकमा मन्त्रालयको बजेटमाथि उठेका प्रश्नहरुको जवाफ दिने क्रममा रक्षामन्त्री उप्रेतीले यस्तो टिप्पणी गरेका हुन् । सांसदहरुले सेनाले विकास निर्माणका काम गर्ने, उद्योग चलाउन खोज्ने विषयका सम्बन्धमा प्रश्न गरेका थिए । जवाफमा उनले सैनिक कल्याणकारी कोषमा रहेको रकम उपयोग गरेको विषयलाई व्यापार व्यावसाय गरेको रुपमा नबुझिदिन आग्रह गरे । सैनिक कल्याणकारी कोषमा ८३ अर्ब रुपैया रहेको उल्लेख गर्दै उनले यही कोषबाट हेटौंडाको कपडा उद्योग चलाउने योजना बनेको बताए । जुन देशबाट कपडा आइरहेको त त्यो देशबाट र कपडा ल्याइरहेका ब्यापारीले सेनाले हेटौंडा कपडा उद्योग चलाउने योजनाको विरोध गरेको बताए । हेटौंडा कपडा उद्योग सेनाले चलाउने योजना आत्मनिर्भर हुनका लागि भएको उनको दाबी छ ।

# कालोपट्टी बाँधेर वैदेशिक रोजगार विभाग घेराउ

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)को भातृ संगठन आइटी आर्मीले वैदेशिक रोजगारमा ठगिएका पीडितलाई न्याय दिलाउनको लागि आन्दोलन जारी राखेको छ । आइतबार आन्दोलनको ८औं दिन पनि आइटी आर्मीले आन्दोलनलाई जारी राखेको छ । विदेश जाने कामदारसँग अवैध ढंगले लिएको रकम फिर्ता गर्नुपर्ने, ठग मेनपावर र एजेन्टलाई कारबाही गर्नुपर्ने, बेरोजगार युवाहरूलाई नेपालमै रोजगारी दिनुपर्ने, वैदेशिक रोजगार पीडितहरूलाई न्याय दिनुपर्ने, विदेशमा अलपत्र परेकाहरूको उद्धार गर्नुपर्नेलगायतका माग राखेर आइटी आर्मी आन्दोलित छ । आइटी आर्मीले जन पक्षीय मुद्दा उठाउँदै आन्दोलन गरेकोमा यस पटक भने वैदेशिक रोजगारीको नाममा भएको ठूलो ठगीको विरुद्धमा आन्दोलन छेडेको हो । उसले असुरक्षित रोजगारीमा पठाउने अधिकारीलाई कारबाही गर्नुपर्ने, फ्री– भिसा फ्री– टकट व्यवहारतः लागू गर्नुपर्ने, निजी मेनपावरहरु खारेज गरी विदेशमा कामदार पठाउने जिम्मा राज्यले लिनुपर्नेजस्ता प्रमुख मागहरू अघि सारेको छ । तर, ती मागप्रति राज्य उदासिन बनेकोमा भने आन्दोलनकारीहरू आक्रोशित बनेका छन् । त्यही आक्रोश पोख्नको लागि आज उनीहरूले सांकेतिक विरोध स्वरूप हातमा कालो पट्टी बाँधेर संघर्षलाई अगाडि बढाएका छन् । बेरोजगारको खुलेआम व्यापार भइरहेको र ठगहरूसामु वर्तमान सरकार लाचार भएको स्थितिमा पीडितलाई न्याय दिलाउन आइटी आर्मीले लिएको पहलकदमी सराहनीय रहेको आजपाका अध्यक्ष प्रभु साहले बताए । उनले देशमा अहिले दलाल भगौडाहरुको हालीमुहाली रहेको र लोकतन्त्रको ठाउँमा दल तन्त्र हाबी भएको टिप्पणी गरेका छन् ।




# कबीर प्रकट दिवस भव्यताका साथ सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज ।**
कबीर साहेबको सशरीर प्राकट्यको सम्झनामा प्रत्येक बर्ष जेठ शुक्लपुर्णिमाको दिन मनाइने कबीर परमेश्वर प्रकट दिवस यस बर्ष पनि भव्यताका साथ मनाइएको छ । कबीर साहेबको प्रकट दिवसको उपलक्ष्यमा सन्त रामपालजी महाराजका अनुयायीहरुद्वारा असार ६ देखि ८ गते सम्मका लागि सतलोक आश्रम धनुषामा आयोजित अखण्ड पाठ तथा विशाल भन्डारा कार्यक्रम ८ गते शनिबारका दिन परमात्माको भोग आरती गरी सम्पन्न भएको छ । वेदमा वर्णित सृष्टिकर्ता परमात्मा आमाको गर्भबाट जन्म नलिने र सतलोकबाट सशरीर धरतीमा रहेको कुनै सरोवरमा विकसित कमलको फूलमा शिशु रुपमा प्रकट भई सन्तको लिला गर्दै अन्त्यमा सशरीर आफ्नो सतलोक फर्किने प्रावधान अनुसार नै कबीर साहेबले कलियुगमा त्यो लिला गरेको र उनी नै पूर्ण परमात्मा सिद्ध भएको कुरा विभिन्न ग्रन्थहरुको प्रमाण देखाउँदै तथा प्रदर्शनी लगाएर अनुयायीहरुले बताएका छन् ।
आज भन्दा ६२७ बर्ष पहिले कबीर साहेबको प्राकट्य काशी सहरको लहरतारा तलाउमा विकसित कमलको फूलमा भएको थियो जुन कि वेदमा परमात्माको लक्षण भनेर बताइएको छ र सोही समयमा निरु र निमा नामक निःसन्तान दम्पतीले त्यहाँबाट उहाँलाई आफ्नो घर लगेर उनको पालन पोषण गरेका थिए । सोही लीलाको सम्झनामा प्रत्येक बर्ष जेष्ठ महिनाको शुक्ल पुर्णिमाको दिन कबीर परमेश्वरको प्रकट दिवस मनाइन्छ र यस वर्ष पनि सो अवसरमा तीन दिवसीय कार्यक्रम आयोजना गरिएको थियो ।
उक्त तीन दिवसीय कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिस कुमार सिंह, प्रदेश सभाका सभामुख रामचन्द्र मण्डल, मधेश प्रदेशका वन तथा पर्यटन मन्त्री त्रिभुवन साह, स्वास्थ मन्त्री, भौतिक पूर्वाधार मन्त्री, सिराहा जिल्लाका प्रमुख जिल्ला अधिकारी बाशुदेव दाहाल लगायत विभिन्न राजनैतिक तथा प्रशासनीक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । सयौंको संख्यामा सन्त रामपालजी महाराजका अनुयायीहरुले युनिट रक्तदान गर्नुका साथै २२ नव जोडिहरुको दाइजोमुक्त अन्तरजातीय सामुहिक विवाह (रमैणी) पनि सम्पन्न गराइएका थियो । तेस्रो दिन भने बिहान ९:३० बजे भोग आरती गरी प्रसाद भोग लगाएर सन्त रामपालजी महाराजको सत्संग श्रवण गरी सम्पन्न भएको थियो । उक्त तीन दिवसीय कबीर परमेश्वर प्रकट दिवसमा ३ दिनमा करीब ६ लाख श्रद्धालुहरुको सहभागिता रहेको आयोजकले जनाएको छ । सबै विकृतिहरुबाट मुक्त भएको स्वच्छ, सभ्य र सुखी समाज निर्माण गर्ने आफ्नो गुरुदेवको महत्त्वपूर्ण अभियानलाई सफल पार्न अनुयायीहरु सकृय भई लागिरहने र यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइरहने आयोजकले बताएका छन् ।

# प्रेस स्वतन्त्रताले मात्र समाजवादमा पुग्न सकिन्छः घिमिरे

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एकीकृति समाजवादीका स्कुल विभाग सचिव अशेष घिमिरेले समाजवाद आउनु भन्दा अघि प्रेस स्वतन्त्रता पहिलो शर्त रहेकोले समाजवादमा पुग्नका लागि प्रेस स्वतन्त्रताको माध्ययम नै प्रमुख माध्यम हुने बताएका छन् ।

बर्षौंदेखि सीमित पूँजीवादीहरुको कब्जामा रहेको बजारलाई विशाल मजदुर किसानवर्गको पहुँचमा पु¥याउने समाजवाद भएपनि यसको अवरोधक पूँजीवाद भएको बताए । प्रेस स्वतन्त्र भएमात्र समाजवादमा पुग्न सकिने बताउँदै उनले सञ्चार माध्यममा स्वार्थ समूहको प्रवेशले पत्रकारहरु स्वतन्त्र भएर काम गर्न नसकेको बताए । समाजवादी प्रेस संगठन नेपाल पर्साले वीरगंजमा आयोजना गरेको समाजवाद र प्रेस स्वतन्त्रता विषयक अन्तरकृया कार्यक्रममा बोल्ने वक्ताहरुले पूँजीवादी व्यावस्थाको चंगुलमा फसेको समाजमा प्रेस स्वतन्त्रता झन जटिल र चुनौती बन्दै गएको बताएका छन् । कार्यक्रमका प्रमुख अतिथि एकीकृत समाजवादी पार्टीका प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले अहिलेको व्यावस्थामा सञ्चारगृहहरु नै प्रेस स्वतन्त्रता बञ्चित गराउनेतर्फ उन्मुख रहेको बताए । उनले पत्रकारहरुले लेखेको समाचारहरु सञ्चारगृहहरुले पूँजीपति दलालहरुको प्रभावमा परेर रोक्ने र समाजले पाउने सूचना समेत लुकाउने प्रवृत्ति बढ्दै जाँदा प्रेस स्वतन्त्रताको मुद्दा कमजोर बन्दै गएको बताए । एकीकृत समाजवादी पार्टीको असार १६ गतेदेखि काठमाडौंमा हुने महाधिवेशनमा प्रेस स्वतन्त्रताको विषयमा पार्टीका धारणाका लागि कार्यपत्र प्रस्तुत गर्नुपर्ने भएकोले विभिन्न सञ्चारसँग सम्बन्ध संस्थाहरुसँग राय सुझाव संकलन गर्ने र महाधिवेशनमा प्रेस स्वतन्त्रतामा समाजवादी पार्टीको धारणा बनाउने बताईएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन